# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ | अंक २५१ | मंगलबार, २० कात्तिक २०८१ | SOURYA NATIONAL DAILY | Tuesday, 5 November 2024 | पृष्ठ : ८ | मूल्य रू. ५


## पार्टीभित्रै आरोपी, आफ्नै गृहमन्त्री : सहकारी ठगलाई कारबाही माग्दै संकल्प यात्रा !

**सौर्य समाचार**

काठमाडौँ । नेपाली कांग्रेसका युवा नेताहरू १० बुँदे एजेन्डा बोकेर २३ कात्तिकदेखि ४ मंसिरसम्मका लागि मेची-महाकाली 'युवा संकल्प यात्रा' गर्दै छन् । विभिन्न संस्था तथा सहकारी ठगलाई कारबाही, सहकारी पीडितलाई तत्काल राहत र बचत फिर्ता, युवालाई रोजगारीको सुनिश्चितता, भ्रष्टाचार उन्मूलन, सुशासन, महँगी र मूल्यवृद्धि नियन्त्रण, उद्यमशीलता, नवप्रवर्तन र कृषिमा लगानीलगायत यात्राका एजेन्डा भनिएको छ ।

१० बुँदे एजेन्डामा समावेश गरिएका विषयवस्तु हेर्दा आफ्नै पार्टी र नेताविरुद्ध लागेका आरोपलाई ढाकछोप गर्ने योजनाजस्तो देखिने 'संकल्प यात्रा'को उपलब्धि कस्तो होला, त्यो ४ मंसिरपछि देखिएला । तर, आफैँ सरकारमा भएको र एजेन्डामा भएका विषय सरकारबाट कार्यान्वयन हुनुपर्ने विषय हुन् । यस्तो सन्दर्भमा केका लागि तिनै एजेन्डा बोकेर मेची-महाकाली ? भन्ने प्रश्न कांग्रेसतर्फ तेर्सिएको छ । हुन त उपनिर्वाचन नजिकिँदै गर्दा त्यसको प्रचारप्रसार पनि हुने कांग्रेसको अपेक्षा हुन सक्छ ।

पार्टी सभापति शेरबहादुर देउवा स्वयंले 'सरकारको काम राम्रो छ' भन्दै गर्दा यात्राका क्रममा उठ्ने प्रश्नको जबाफ कांग्रेसले कुन हैसियतमा दिन्छ भन्ने अर्को प्रश्न झन् पेचिलो छ । किनकि जुन एजेन्डा वा माग राखेर संकल्प यात्रा गरिँदै छ, ती माग पूरा गर्ने जिम्मेवारी र दायित्व दुवै सरकारको हो । र, अधिकांश एजेन्डा गृह मन्त्रालयसँग सम्बन्धित छन् । हाल गृहमन्त्रीको कुर्सीमा कांग्रेसकै नेता रमेश लेखक आसीन छन् ।

पछिल्लो समय सबैभन्दा पेचिलो र चर्चाको विषय बनेको सहकारी ठगी प्रकरणमा ठगी गर्नेलाई कारबाही गर्ने र पीडितलाई न्याय दिने निकाय गृह मन्त्रालय नै हो । यो मन्त्रालय कांग्रेसकै कमान्डमा छ । आफ्नै पार्टीका गृहमन्त्रीलाई सुझाव वा दबाब दिएर ठगीमा संलग्नलाई कारबाही गर्न माग गर्नुको सट्टा एजेन्डा बोकेर मेचीदेखि महाकाली दगुर्नुको अर्थ के हो भन्ने स्पष्ट भइसकेको छैन ।





**कांग्रेस उपसभापति धनराज गुरुङ पनि सहकारी ठगी प्रकरणमा जोडिएका छन् । तर, हालसम्म गुरुङमाथि कुनै सामान्य सोधपुछसमेत भएको छैन**

सुशासन तथा भ्रष्टाचार उन्मूलनसहितका विभिन्न माग उठाएर मेची-महाकाली धाउने योजना बनाइरहँदा युवा नेताहरूले आफ्नै पार्टीका शीर्ष नेताविरुद्ध लागेको आरोप भने बिर्सिएका छन् । कांग्रेस उपसभापति धनराज गुरुङमाथि लाग्दै आएको सहकारी ठगीसम्बन्धी आरोप अहिले आरोपमा मात्र सीमित छ । आरोप लागेको करिब ३ महिनासम्म गुरुङमाथि कुनै सामान्य सोधपुछसमेत भएको छैन । अहिले कांग्रेससहितको सरकार छ र उपप्रधानदेखि गृहमन्त्रीसम्म कांग्रेसकै छन् । तर, अनुसन्धान गर्नुको सट्टा कांग्रेसका शीर्ष नेताहरू गुरुङमाथि अनुसन्धान हुनुपर्छ भन्दै भाषणमा चिच्याउने मात्र गर्छन् । अनुसन्धान हुनुपर्छ भनेकै २ महिना बितिसक्यो । अहिले फेरि त्यही विषयलाई आफ्नो एजेन्डा बनाएर युवा नेताहरू सडकमा आउँदै छन् । यसरी हेर्दा सुशासन तथा भ्रष्टाचार उन्मूलन जस्ता विषय कांग्रेसको एउटा फगत 'फन्डा' मात्र भएको देखिन्छ ।

युवा संकल्प यात्राले नेपालको राजनीतिलाई स्वच्छ, स्वस्थ र नैतिक मूल्य, मान्यतामा आधारित बनाउनका लागि पहल गर्ने बताइरहँदा आफ्नै पार्टीका नेतामाथि लागेको दाग भने देखेको छैन वा छोप्न खोजिरहेको छ ? भन्ने प्रश्न उठ्न थालिसकेको छ । पार्टीकै एक युवा नेतृले 'युवा पुस्ताले नकारात्मक भाव बोकेर अरूको आलोचनामै समय खर्चिने नभई समाजमा उठेका विषयवस्तुको समाधान र सफलताको सन्देश प्रवाह गर्न सक्नुपर्छ' भन्दै गर्दा त्यसको सुरुआत आफ्नै पार्टीभित्रबाट गर्न जरुरी रहेको विषय कांग्रेसका युवा पंक्तिले बुझ्न सकेको देखिँदैन ।

बाँकी पृष्ठ २

## देउसे टोलीमाथि बस गुड्दा २ जनाको मृत्यु, ३ दर्जन घाइते



**सौर्य समाचार**

काठमाडौँ । अर्घाखाँचीमा देउसीभैलो खेलिरहेको टोलीलाई बसले ठक्कर दिँदा २ जनाको मृत्यु भएको छ भने ३ दर्जनभन्दा बढी घाइते भएका छन् । जिल्लाको भूमिकास्थान नगरपालिका-५ र ६ को सिमानामा पर्ने खिल्जीमा २५ वटा भन्दा बढी देउसे टोली आपसमा देउसीभैलो खेल्दै रमाइलो गरिरहेका बेला ब्रेक फेल भएर अनियन्त्रित भएको बसले ठक्कर दिएको थियो ।

सन्धिखर्कबाट प्युठान जाँदै गरेको ना३ख २४७१ नम्बरको बस अनियन्त्रित भई देउसे टोलीमाथि गुगेको थियो । बसले किचेर ७२ वर्षीया रूनी खनाल र २२ वर्षीया तारा श्रेष्ठको मृत्यु भएको हो । खनालको घटनास्थलमै मृत्यु भएको हो भने बसको ठक्करबाट गम्भीर घाइते भएकी श्रेष्ठलाई उपचारका लागि अर्घाखाँची अस्पताल लगिएकामा उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी अन्य ३७ जना घाइते भएको प्रहरीले जनाएको छ । एक्कासि ब्रेक फेल भएको बसले बाटोमा देउसी खेलिरहेको समूहलाई ठक्कर दिएको प्रहरीले जनाएको छ । घाइतेहरूलाई अर्घाखाँची अस्पतालमा उपचारका लागि पठाइएको छ भने गम्भीर घाइते भएका १० जनालाई बुटवल रिफर गरिएको छ । घटनामा परी मृत्यु हुनेहरू देउसीभैलो हेर्न आएकाहरू हुन् भने घाइते हुने अधिकांश देउसे टोलीका कलाकार रहेको बताइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## छठका लागि करोडौंको केरा आयात



मधेसको राजधानी जनकपुरधामस्थित फलफूल मन्डीमा बेच्न राखिएको छठ पर्वका लागि अत्यावश्यक फलमध्येको केरा । छठका लागि जनकपुरमा मात्रै ५ करोडभन्दा बढी मूल्यको केरा भारतबाट आयात गरिएको छ ।

समाचार पृष्ठ ५

### अमेरिकी राष्ट्रपति निर्वाचन आज

## निर्वाचन परिणाम र मध्यपूर्वको युद्धमा विश्वको चासो

**सौर्य समाचार**




काठमाडौँ । करिब १ वर्ष लामो प्रक्रियापछि अमेरिकाको नयाँ राष्ट्रपति पदका लागि आज (मंगलबार) निर्वाचन हुँदैछ । १ वर्ष लामो प्रक्रियापछि हुँदै गरेको चुनावमा डेमोक्र्याटका तर्फबाट उपराष्ट्रपति कमला ह्यारिस र रिपब्लिकनका तर्फबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प आमनेसामने भएका छन् । कुल ५३८ इलेक्टोरल मतमध्ये २७० मत पाउने उम्मेदवारले जनवरी महिनाको तेस्रो साता ह्वाइट प्रवेश गरेर देशको शासन सत्ता सम्हाल्ने अवसर पाउनेछ ।

भोलि बुधबारसम्म अमेरिकाको नयाँ राष्ट्रपति को भन्ने टुंगो लागिसक्छ । अमेरिकी नागरिकलाई जति चुनावी परिणामको व्यग्र पर्खाइ छ, त्योभन्दा बढी विश्व समुदायको चासो गढेको छ । मध्यपूर्वमा निरन्तरको युद्धले थिलथिलो भएको वैश्विक अर्थतन्त्रका कारण आजित भएका देशहरूले अमेरिकी चुनावको नतिजालाई मुख्य चासोका रूपमा लिएका छन् । अमेरिकी शासनसत्ताको बागडोर कसले सम्हाल्छ र त्यसले मध्यपूर्वको युद्ध मत्थर पार्ला वा झन् चर्काउला भन्ने चासो र चिन्ता धेरै देशमा परेको छ । त्यसबाहेक युरोपियन देशहरू रुस र युक्रेनबीचको द्वन्द्व के हुन्छ भन्ने चासो पनि सर्वत्र छ ।

गत जुलाई महिनामा भएको बहस कार्यक्रममा राष्ट्रपति निर्वाचनको दौडमै रहेका वर्तमान राष्ट्रपति जो बाइडेन पूर्वराष्ट्रपति ट्रम्पका सामु निरीह सावित भएका थिए । सोही कारण उनले उम्मेदवारी नै त्यागेका थिए । त्यस समयमा भएको सर्वेक्षणमा बाइडेन ट्रम्पभन्दा पछि परेका थिए । धेरैको अनुमानअनुसार डेमोक्र्याट उम्मेदवार ह्यारिसले पनि ट्रम्पलाई पछि छाड्ने कमै सम्भावना थियो । धेरैको अनुमानलाई गलत सावित गर्दै जमैका मूलका बाबु तथा भारतीय मूलकी आमाकी छोरी तथा ह्यारिस अघि बढेकी थिइन् । त्यो क्रम सेप्टेम्बर महिनामा आएर रोकिएको थियो । सेप्टेम्बरमा भएको सर्वेक्षणमा ह्यारिस थोरै मात्रै अघि रहेकी थिइन् । तथापि उनको लोकप्रियताको त्यो क्रम भने रोकिएको थियो ।

त्यसयता भएका धेरै सर्वेक्षणमा दुवै उम्मेदवार लगभग बराबरीको अवस्थामा थिए । यी २ मध्ये कसले अमेरिकी निर्वाचनमा सफलता हात पार्ला भन्ने निर्वाचन परिणाम सार्वजनिक नभई भन्न सकिने अवस्था छैन । लगातार तेस्रो पटक उम्मेदवार भएका ट्रम्प दोस्रो पटक राष्ट्रपति हुने या कमला अमेरिकी इतिहासमा पहिलो पटक महिला राष्ट्रपति हुने भन्ने कुराको निर्णय निर्वाचन परिणामले नै तय गर्नेछ ।

### निर्वाचनका मुख्य एजेन्डा

निर्वाचनका दौरान पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले सबैभन्दा बढी उठाएको विषय र एजेन्डा बाइडेन प्रशासनको समयमा अमेरिकाको अर्थतन्त्र र जनजीवनमा आएको समस्या हो । उनले हरेक कार्यक्रममा यसै विषयलाई लिएर धेरै बहस गरे । यति मात्र होइन, उनले आप्रवासी समस्यालाई पनि त्यत्तिकै उठाए । अवैध आप्रवासीका कारण अमेरिकामा अपराध बढेको भन्दै ट्रम्पले यसलाई मुख्य एजेन्डा बनाएका थिए । भेनेजुएलाका अवैध आप्रवासीका कारण मारिएका १ वर्षीय बालककी आमालाई समेत निर्वाचनमा प्रयोग गरिएको थियो ।

यसैगरी ह्यारिसले गर्भपतन र आप्रवासीको समानताको विषयलाई एजेन्डा बनाएकी छिन् । 'माई बडी, माई च्वाइस' लेखिएको प्लेकार्डसहित ह्यारिसको चुनावी कार्यक्रममा धेरैजना उपस्थित भएका थिए । आप्रवासीको समान हक र अमेरिकाको महानता भनेकै संसारका सबै दुःखीलाई संरक्षण र सुरक्षा दिन सक्ने हुनुपर्छ भन्ने कुरामा ह्यारिस अडिग भइन् । करको दायरा तथा समानातको विषय ह्यारिसको अर्को मुद्दा थियो । अमेरिकामा रहने सबैको आफ्नो घर र निजी सवारीसाधन हुनु पर्छ भन्ने कुरामा उनको जोड थियो । यसकारण घर खरिद र सवारीसाधन खरिदमा कर छुट उनको मुख्य एजेन्डा हो । ट्रम्पले यसलाई आधार बनाएर ह्यारिसलाई बारम्बार 'रेडिकल मार्क्सवादी' भएको कुरा उठाइरहेका थिए ।

मध्यपूर्वको युद्ध दुवैका एजेन्डामा समावेश थिए । दुवैले आफू राष्ट्रपति भएमा मध्यपूर्वमा जारी युद्ध तत्काल अन्त्य हुने दाबी गरेका छन् ।

बाँकी पृष्ठ ८

## रोपाइँमा उत्साह, भित्र्याउने बेला निराशा

**सौर्य समाचार**

काठमाडौँ । यस वर्ष धान उत्पादन कम हुने अनुमान गरिएको छ । किसानले धान पाकेर भित्र्याउने बेलामा नै मौसम प्रतिकूल बनिदिँदा धान उत्पादनमा पनि कमी हुने अनुमान गरिएको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गत असोज १० देखि १२ गतेसम्म मुलुकका अधिकांश स्थानमा परेको भारी वर्षाले धान खेतीमा धेरै असर पारेको जनाएको छ । यस्तै, तिहारको बेलामा मुलुकका विभिन्न स्थानमा परेको हल्कादेखि मध्यमसम्मको वर्षाका कारण धानमा थप क्षति भएको मन्त्रालयले जानकारी गराएको छ ।

मन्त्रालयका सूचना अधिकृत महानन्द जोशीले यस वर्ष धान भित्र्याउने समयमा मौसम अनुकूल नहुँदा धान उत्पादन घट्न सक्ने जानकारी दिए । 'गत असोजमा आएको बाढी तथा डुबानका कारण मधेस प्रदेश तथा बाग्मती प्रदेशलाई सबैभन्दा बढी असर गर्‍यो । पाकेको बाली पनि बगायो, कति स्थानमा काटेको बाली नै पानीको भेलले नष्ट गरायो,' उनले भने, 'मधेस प्रदेशमा ५७ हजार हेक्टर धान खेतमा क्षति भएको छ । वास्तविक क्षतिको विवरण आउन अझै बाँकी छ । सिरहा, सप्तरीमा जग्गा कटानी भएको र बालुवा थुप्रिएर धान क्षति भएकाले २ प्रतिशतसम्म धान उत्पादनमा ह्रास आउँछ कि भन्ने हाम्रो अनुमान छ ।'



धान उत्पादन घट्ने अनुमान

राष्ट्रिय धान अनुसन्धान कार्यक्रमका संयोजक डा. मथुरा यादवले गत असोजमा परेको भारी वर्षाका कारण कोसी, मधेस र बाग्मती प्रदेशमा धान उत्पादनमा असर परेको बताए । 'मौसमसम्बन्धी पूर्वसूचना किसानमा पुग्न सकेमा धान कति बेला काट्न हुने या नहुने विषयमा जानकारी हुन्छ र कम क्षति पुग्छ,' उनले भने ।

बाँकी पृष्ठ २

# विदेशमा नेपाली चिया र कफीको माग बढ्दो



■ सौर्य समाचार

काठमाडौं । अन्तर्राष्ट्रिय बजारमा नेपाली चिया तथा कफीको माग बढ्दै गएको छ । चिया तथा कफी विकास बोर्डको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/०८० मा ७७ मेट्रिकटन कफी विदेशमा निर्यात गरिएको थियो भने आव २०७८/०७९ मा ९ करोड ६० लाख रुपैयाँको ७२ मेट्रिकटन कफी निर्यात गरिएको थियो । बोर्डले आव २०८०/०८१ को विस्तृत तथ्यांक संकलन भइरहेको जनाएको छ ।

आव २०७८/०७९मा देशभर ४५० मेट्रिकटन कफीको आयात गरी ३२ करोड खर्च गरिएकामा आव २०७९/०८० मा १० करोडको मात्र आयात गरिएको थियो । यो वर्ष करिब २२ करोड रुपैयाँले आयात न्यूनीकरण भएको बोर्डका निर्देशक दीपक खनालले जानकारी दिए । उनले कफीका लागि उपयुक्त हावापानी र क्षेत्र विस्तारले उत्पादनमा पनि वृद्धि भएको बताए । हाल देशभर ३ हजार ६५९ हेक्टर क्षेत्रफल जमिनमा कफी विस्तार गरी करिब ३९५ मेट्रिकटन 'ग्रिनबिन' उत्पादन गरिएको छ ।

यस क्षेत्रमा कार्यरत कृषकको संख्या हाल ३३ हजार छ भने नेपाली कफीको अन्तर्राष्ट्रिय बजारमा माग करिब १४ हजार मेट्रिकटन रहेको बोर्डले जनाएको छ । नेपालमा गुल्मी, पाल्पा, अर्घाखाँची, ललितपुर, तनहुँ, काभ्रे, सिन्धुपाल्चोक, लमजुङ, कास्की, गोर्खा, स्याङ्जा, पर्वत, बागलुङलगायत ४३ जिल्लामा यसको व्यावसायिक खेती हुँदै आएको छ ।

यस्तै आव २०७८/०७९ मा देशभर चियाको निर्यात ३ अर्ब ८० करोड रहेकामा आव २०७९/०८० मा करिब १४ करोडले वृद्धि भएको छ । चिया उद्योगको संख्या १६१ पुगेको छ । यस क्षेत्रमा करिब ६० हजार श्रमिक कार्यरत रहेको बोर्डका अधिकृत चन्द्र पुरीले जानकारी दिए ।

# मानव बेचबिखन नियन्त्रणका लागि बढाइयो सक्रियता

■ सौर्य समाचार



काठमाडौं । सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सक्रियता देखाएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पछिल्लो समय मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित भएका ७७ जना महिलाको स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरेको जनाएको छ ।

यसैगरी मानव बेचबिखन (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयकको मस्यौदा मन्त्रिपरिषद्मा पेस गरेको सचिव दिनेश भट्टराईले जानकारी दिए । मन्त्रालयले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदासमेत तयार गरेको छ । मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन तथा केन्द्र व्यवस्थापनका लागि सिन्धुपाल्चोक, काठमाडौं र सुर्खेतमा सञ्चालनमा रहेका ३ वटा पुनर्स्थापन केन्द्रलाई सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना भुक्तानीसमेत गरेको जनाइएको छ ।

आर्थिक वर्ष २०७१/०७२ देखि सञ्चालनमा रहेका यी केन्द्रबाट १४८ जनाले सेवा प्राप्त गरेको र चालु आवमा १८ जना महिला तथा किशोरीलाई सुरक्षित रूपमा पुनर्स्थापना केन्द्रबाट सेवा प्रवाह गरेको सचिव भट्टराईले जनाकारी दिए । नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधका रूपमा स्वीकार गरेको छ । यससम्बन्धी नेपालको विद्यमान 'कानुन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ ।

मन्त्रालयले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानुनी सहायता ऐन २०५४ र पारस्परिक कानुनी सहायता ऐन २०१४ को प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको सचिव भट्टराईको भनाइ छ ।

यसैगरी मानव बेचबिखनसँग जोडिएका राहदानी ऐन २०७४, संगठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४, संगठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगाएतका कानुनको समेत प्रभावकारी कार्यान्वयन गर्न जोड दिइएको छ ।

नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई एक गम्भीर अपराधका रूपमा पहिचान गर्दै त्यस विरुद्धका प्रावधानलाई मौलिक हक तथा राज्यका नीतिअन्तर्गत राखिएको छ । माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले मानव बेचबिखन रोक्नका लागि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ लाई संशोधन गर्नुपर्ने आवश्यकता औंल्याइन् ।

## पार्टीभित्रै आरोपी...

कांग्रेसले नागरिकमा सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले यात्रा गर्न लागिएको बताएको छ । आफ्नै पार्टीभित्रबाट प्रवाह भइरहेको नकारात्मक सन्देशलाई चिर्न भने कुनै पहल गरेको छैन । बरु आफैंले समाधान गर्नुपर्ने मुद्दालाई उचालेर जनताको आँखामा छारो हाल्ने गरी संकल्प यात्रा गर्दै छ । १ साताअघि मात्रै कांग्रेसका महामन्त्री गगन थापाले सहकारी ठगीमा नाम जोडिएका आफ्ना उपसभापति गुरुङ र एमालेका ऋषिकेश पोखरेलमाथि पनि अनुसन्धान गर्न सरकारलाई आग्रह गर्दै नयाँ पुरानो जो भए पनि छानबिन समितिले सिफारिस गरेका व्यक्तिहरूमाथि अनुसन्धान हुनुपर्ने बताएका थिए । तर, सरकारको मुख्य साझेदार र आफ्नै पार्टीका नेता गृहमन्त्री हुँदा पार्टीको महामन्त्रीले 'अनुसन्धान हुनुपर्छ' भन्दै सार्वजनिक खपतका लागि अभिव्यक्ति दिँदै गर्दा पार्टीले भने सरकारलाई अनुसन्धान गर भनेर न त सुझाव नै दिएको छ, न त संकल्प यात्रा गर्ने युवाहरूले गृहमन्त्रीलाई दबाब नै दिन सकेको छ ।

'जुन पार्टीको भए पनि नाम जोडिएपछि अनुसन्धान गर्नुस्, अनुसन्धान गर्ने मात्रै होइन, गल्ती गरेको भए दण्ड पनि हुन्छ,' थापाले भनेका थिए, 'यो देशमा जुनसुकै मानिस कांग्रेस, एमाले, रास्वपा, राप्रपा होस् वा जोसुकै होस् कानुनभन्दा माथि कोही छैन भन्ने कुरा सरकारले स्थापित गर्नुपर्छ ।' गुरुङमाथि थापाको यस्तो अभिव्यक्ति पहिलो भने होइन । तर, गुरुङमाथि कुनै अनुसन्धान नहुनुले उनको भाषण राजनीतिक दाउपेचका लागि मात्र भएको प्रष्ट हुन्छ । र, अहिले यिनै मुद्दा उठाएर संकल्प यात्राको तयारी राजनीतिक दाउपेचबाहेक केही होइन भन्ने प्रष्ट हुन्छ ।

### २३ कात्तिकदेखि मेची–महाकाली यात्रा

कांग्रेसका युवा नेताको संयोजनमा २३ कात्तिकदेखि १० बुँदे एजेन्डासहित मेची-महाकाली 'युवा संकल्प यात्रा' सञ्चालन गरिने भएको छ । यात्राबाट युवालाई लोकतन्त्र, विधिको शासन, युवा हकहित र जनअधिकारका पक्षमा ऐक्यबद्धता जनाउँदै समृद्ध नेपाल निर्माणमा उद्यमशील बन्न प्रेरित गर्ने अपेक्षा गरिएको कांग्रेसले जनाएको छ ।

अभियानका संयोजक भूपेन्द्रजंग शाहीले उद्यमशीलता नेपालको विकासका लागि अपरिहार्य रहेको जनाउँदै राजनीतिक उपलब्धिको संरक्षण युवाशक्तिको समुचित उपयोगबाट मात्र हुनसक्ने धारणा राखे । नेपाल तरुण दलका पूर्वमहामन्त्री शाहीले भने, 'कांग्रेसले युवा उद्यमशीलता प्रवर्द्धनमात्र होइन, देशको अवस्था बदल्ने तागत राख्नुपर्छ । कृषिप्रधान देशमा कृषिको आधुनिकीकरणमार्फत लाखौं युवालाई स्वदेशमै रोजगार बनाउन सकिन्छ ।'

यात्राले युवालाई राजनीतिक आन्दोलनको मात्र नभएर आर्थिक विकासको पनि साझेदार बनाउने उद्देश्य लिएको जनाउँदै नेता शाहीले लोकतान्त्रिक मूल्य मान्यताको प्रवर्द्धन, दण्डहीनताको अन्त्य, भ्रष्टाचारको उन्मूलन, सुशासन, युवा उद्यमशीलताको प्रवर्द्धन र राष्ट्र निर्माणको नेतृत्व गर्न पनि अभियान सार्थक हुने धारणा राखे ।

कात्तिक २३ गते मेचीनगरको काँकडभिट्टाबाट सुरु भई इटहरी, लहान, जनकपुर, लालबन्दी, वीरगञ्ज, भरतपुर, लमही, वीरेन्द्रनगर, कोहलपुर हुँदै यात्रा मंसिर ४ गते महाकाली पुगेर समापन हुनेछ । यात्राको प्रारम्भिक कार्यतालिका अनुसार २३ गते मेचीनगर, २४ गते इटहरी-मोरङ र सुनसरी, २५ गते लाहान, २६ गते जनकपुर, २७ गते चपुर, २८ गते वीरगन्ज, २९ गते भरतपुर, ३० गते बुटवलमा अन्तरक्रिया गरिने छ । त्यस्तै, मंसिर १ गते लमही र दाङ, २ गते विरेन्द्रनगर, ३ गते कोहलपुर, ४ गते महेन्द्रनगरमा संकल्प यात्रा हुने जनाइएको छ ।

अभियानमा खासगरी युवालाई रोजगारीको सुनिश्चितताका लागि पहलका साथै दबाब सिर्जना गर्ने, भ्रष्टाचार उन्मूलन र सुशासन पहल र खबरदारी गर्ने तथा महंगी र मूल्यवृद्धि नियन्त्रणको विषय प्रखर रूपमा उठाउने र समाधानको उपायसमेत देखाउने नेता शाहीले जानकारी दिए ।

सहकारीपीडितलाई तत्काल राहत र बचत फिर्ता गराउन पहलकदमी लिने तथा विभिन्न संस्था तथा सहकारी ठगलाई कारबाही गर्न दबाब सिर्जना गर्ने सो अवसरमा वितरित प्रेस विज्ञप्तिमा उल्लेख छ ।

उद्यमशीलता, नवप्रवर्तन र कृषिमा लगानीका लागि आवश्यक पहलसमेत संकल्प यात्राले गर्ने उल्लेख गर्दै नेता शाहीले त्यसक्रममा युवाहरूलाई उद्यमशीलता, नवप्रवर्तन र कृषिमा उत्प्रेरित गरिने जानकारी दिए ।

हरेक क्षेत्रमा युवाको अर्थपूर्ण प्रतिनिधित्व, नागरिकमैत्री सरकार तथा नागरिकलाई सहज जीवनयापनका लागि राहत तथा सहुलियतका लागि अग्रसरता लिइने र युवा संकल्प यात्राले नेपालको राजनीतिलाई कांग्रेसकै नेतृत्वमा स्वच्छ, स्वस्थ र नैतिक मूल्य, मान्यतामा आधारित बनाउनका लागि पहल गर्ने पनि बताइएको छ ।

पार्टीका महासमिति सदस्य प्रेमीका रानाले युवा पुस्ताले नकारात्मक भाव बोकेर अरुको आलोचनामै समय खर्चने नभई समाजमा उठेका विषयवस्तुको समाधान र सफलताको सन्देश प्रवाह गर्न सक्नुपर्नेमा जोड दिएकी थिइन् । त्यस्तै, युवानेत्री तथा कलाकार राधिका हमालले देश बनाउन र नागरिकलाई सवल तुल्याउन सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्यले यात्रा कार्यक्रम अघि बढाइएको बताइन् ।

नेपाल तरुण दलका केन्द्रीय सदस्य पशुपति पोखेलले शैक्षिक योग्यताअनुसारको रोजगारी नपाएर भौंतारिरहेका युवालाई देश निर्माणको अभियानमा जुटौं भन्ने विषयलाई केन्द्रबिन्दुमा राखेर अभियान सञ्चालन गर्न लागिएको बताए । यात्रामा नेता शाहीसहित रञ्जित कर्ण, धर्मेन्द्र नेम्वाङ, प्रेमिका राना, नरेश यादव, शेख ओकिल, मेदनी सिटौला, चन्द्रादेवी जोशी, राधिका हमाल, उदिराम खड्का, लेलिया विश्वकर्मा, सुनिल थापा, विनोद खनाललगायत ४० जना केन्द्रीय प्रतिनिधिका रूपमा सहभागी हुनेछन् ।

## रोपाइँमा उत्साह...

मन्त्रालयले मनसुनजन्य विपद्का कारण धान खेतमा भएको क्षतिसम्बन्धी विस्तृत आकलन निकाल्न आगामी मंसिर अन्तिम साता प्रादेशिक गोष्ठी गर्ने भएको छ ।

रोपाइँमा मात्रै अनुकूल रह्यो मनसुन

यस वर्ष धान रोपाइँका लागि मात्रै मनसुन अनुकूल थियो । अधिकांश रोपाइँ अकासे पानीकै भरमा सम्पन्न हुने गरेकामा यस वर्ष धेरै पानी पर्दा रोपाइँका लागि मनसुन सुखद् रहेको मन्त्रालयले विश्लेषण गरेको थियो । मन्त्रालयका अनुसार खेतीयोग्य जमिनको ९८ दशमलव ५ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । कृषि तथा पशुपन्छी मन्त्रालयका अनुसार अघिल्लो वर्ष ९४ दशमलव ६ प्रतिशत क्षेत्रमा रोपाइँ भएकामा यस वर्ष झन्डै ४ प्रतिशत रोपाइँ बढेको थियो ।

मुलुकभर १३ लाख ९८ हजार ९८५ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने क्षेत्रमध्ये १३ लाख ७८ हजार ६११ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको थियो । मन्त्रालयका अनुसार कोसी प्रदेशमा ९९ दशमलव ६ प्रतिशत रोपाइँ भएको थियो । कोसीमा करिब २ लाख ७६ हजार ३८६ हेक्टर रोपाइँ हुने क्षेत्रफल रहेकामा २ लाख ७५ हजार २६७ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको थियो ।

अघिल्लो वर्ष भदौ ७ गतेसम्म कोसी प्रदेशमा ९७ दशमलव ७ र मधेस प्रदेशमा ९७ दशमलव ३ प्रतिशतमा रोपाइँ भएको थियो । बाग्मती प्रदेशमा यस वर्ष ९९ दशमलव २, गण्डकी प्रदेशमा ९७ दशमलव ८, लुम्बिनीमा ९८ दशमलव ३, कर्णालीमा ९९ दशमलव २ र सुदूरपश्चिम प्रदेशमा शतप्रतिशत रोपाइँ भएको थियो ।

गत वर्ष करिब ५७ लाख मेट्रिक टन धान उत्पादन भएको थियो । यस वर्ष बढी रोपाइँ हुँदा धान उत्पादन ७ प्रतिशतसम्म बढ्ने अपेक्षा गरिएको थियो । तर, भित्र्याउने बेला मनसुन प्रतिकूल हुँदा गत वर्षको तुलनामा उत्पादन घट्ने अनुमान गरिएको छ । कृषि मन्त्रालयका सूचना अधिकृत महानन्द जोशीले धान भित्र्याचउने समयमा मौसम अनुकूल नरहँदा उत्पादनमा ह्रास आउने सम्भावना रहेको बताए । 'यस वर्ष धान रोपाइँ राम्रो भएको थियो । धानका लागि वर्षा पनि राम्रो भयो,' उनले भने, 'तसर्थ ७ प्रतिशतसम्म धान उत्पादन बढ्ने अपेक्षा थियो, भित्र्याउने बेलामा मौसम अनुकूल नहुँदा अब उत्पादन घट्ने भयो ।'


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Quality Research and Development Centre
Chakupat, Lalitpur

**Intent of Acceptance**

**Date of publication: 5th November, 2024**

Among the duly registered bids invited via notice no. 02-81/82 published in Gorkhapatra National Daily dated 18th September 2024, following bids have been evaluated as the lowest substantially responsive bids and this notice of intent of acceptance has been published pursuant to the Public Procurement Act 2063, Section 27 (2) and Section 27 (3) for the concerned bidders. Any application filed pursuant to Public Procurement Act 2063 Section 47 should reach us on or before 11th November 2024.

| Contract ID | Bidder's name and address | Bid Amount (including VAT& PS) |
| --- | --- | --- |
| DoR_QRDC/33701015/2081/82/02 | Jaylaxmi Construction, Mahendranagar, Kanchanpur | 1,915,484.81 |

Director, QRDC



**Kummayak Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Yasok, Panchthar**

**Invitation for sealed quotation**

**1st Date of publication: Nov 05, 2024**

1. Kummayak Rural Municipility, Yasok Panchthar invites quotation bids from duly registered eligible national bidders for the following works.
2. Eligible Bidders may refer complete set of bid document for further information at Office of Kummayak Rural Municipality, Yasok, Panchthar or PPMO's Website: http://www.bolpatra.gov.np/egp. And Bidder can only bid electronically through e-procurement section of PPMO's websitehttp://www.bolpatra.gov.np/egp.

| Contract ID | Discription of work | Estimated Amount with Vat (Nrs) | Bid Security Amount (Nrs) | Bid Document Fee(Nrs) | Bid Validity Period in Days |
| --- | --- | --- | --- | --- | --- |
| KRM/GOOD/SQP/2081/82-01 | Procurement of office stationary and miscellaneous goods | 13,82,090 | 34,500 | 1,000 | 45 days |
| KRM/GOOD/SQP/2081/82-02 | Procurement of Veterinary Medicine | 9,96,918 | 24,900 | 1,000 | 45 days |
| KRM/GOOD/SQP/2081/82-03 | Procurement of Additional medicine for hospital | 9,92,744.5 | 25,000 | 1,000 | 45 days |
| KRM/GOOD/SQ/2081/82-03 | Procurement of Pesticides | 3,24,250 | 8,350 | 1,000 | 45 days |

Chief Administrative Officer



SAUDI मा रोजगार
United Ezz Manufacturing Factory
पुर्व स्वीकृति मिति: २०८१/०७/१४ चलानी नं.:६०२२७४७६ LT No. 313011

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1 | Packing Worker | 4 | 0 | काममा दक्ष | 1000 | ३५,७५५/- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु.१०,०००/- |

अन्तरवार्ता २०८१ कार्तिक २७ गते (12 Nov., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

TESLA OVERSEAS PVT. LTD.
TELSA OVERSEAS PVT. LTD.
Govt Lic. No.: 1638/080/81
Sinamangal-9, Kathmandu, Tel.: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

# खानेपानी र शौचालय अभावको सास्ती भोग्दै कोरला नाका



■ सौर्य समाचार

म्याग्दी । व्यापारिक नाका र पर्यटकीय गन्तव्यका रूपमा विकास भएको चीनको सिमानामा रहेको मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित कोरला नाकामा खानेपानी र शौचालयको अभाव छ । समुद्री सतहदेखि ४ हजार ६०० मिटर उचाइमा रहेको कोरला नाकाको नेपालतर्फ खानेपानी र शौचालय अभाव हुनाका साथै फोहोर व्यवस्थापनको चुनौती बढेको हो । कोरला नाका घुम्न गएकी पोखराकी रक्षा श्रेष्ठले व्यवस्थित सार्वजनिक शौचालय नहुँदा झाडी खोज्नुपर्ने समस्या रहेको गुनासो गरिन् ।

'एउटा सार्वजनिक शौचालय भए पनि फोहोर भएकाले प्रयोग गर्न नमिल्ने भएको रहेछ,' उनले भनिन्, 'पानीको पनि सुविधा नभएकाले झाडी खोज्नुपर्दा असहज भयो ।' नेचुङमा रहेको सशस्त्र प्रहरी बलको बिओपीका अनुसार असोज महिनायता दैनिक तीन सय वटाको हाराहारीमा बस, जिप र मोटरसाइकलमा हजारौँ आन्तरिक पर्यटकहरू कोरला नाका घुम्न पुगेका छन् ।

छोसेरदेखि माथि कोरलातर्फ विदेशी पर्यटकलाई निषेध गरिएको छ । आन्तरिक पर्यटकहरूलाई पनि नेचुङभन्दा माथि क्यामेरा लैजान र कोरोला नाकामा चीनतर्फ फर्किएर तस्बिर खिच्न रोक लगाइएको छ । सुक्खा मरुभूमिजस्तै समथर फाँट, पृष्ठभूमिमा देखिने हिमाल र सीमापारि चीनले बनाएका संरचना हेर्न तथा किनमेलका लागि नेपालीहरू कोरला नाका पुग्ने गर्छन् । मोटरसाइकल चढेर कोरला नाका पुगेका पोखराका सौरभ गौतमले सूचनामूलक होडिङ बोर्ड र फोहोर फाल्ने डस्टबिन राख्नुपर्ने बताए ।

प्रदेश सरकारले सुरक्षा निकाय र आपत्कालीन आश्रयका लागि कोरलामा बनाएको १० कोठे प्रिफेक प्रविधिको अस्थायी संरचनाको भवनमा गत हप्ता अध्यागमन कार्यालय स्थापना भएको छ । अध्यागमन कार्यालय स्थापना गर्नुअघि कोरला नाकामा मोबाइल, इन्टरनेट र विद्युत् सुविधा विस्तार भएको थियो ।

कोरलामा ब्यवसाय गर्दै आएका लोमान्थाङ-१ छोसेरका छिरिङ ल्यामो गुरुङले खानेपानी र शौचालयको अभाव खड्किएको बताए । 'चीनले कहिलेकाहीँ ट्यांकरमा दिने पानीले पुग्दैन,' उनले भने, '१० किलोमिटर तलबाट गाडीमा पिउने पानी ओसार्ने गरिएको छ ।'

## संसदीय समितिको सुझाव

कात्तिक दोस्रो साता गण्डकी प्रदेशसभाअन्तर्गत अर्थ तथा विकास समितिको टोलीले कोरला नाकाको निरीक्षण गरेको थियो । निरीक्षणमा सहभागी मुस्ताङबाट निर्वाचित प्रदेशसभा सदस्य बिकल शेरचनले कोरलामा तत्कालीन र दीर्घकालीन रुपमा गर्नुपर्ने कामको विषयमा सरकारलाई सुझाव दिएको बताए । खानेपानी र शौचालयका साथै फोहोर व्यवस्थापनका लागि तत्कालै काम गर्नुपर्ने उनले बताए ।

कोरोना महामारी फैलिएपछि २०७६ सालदेखि कोरला नाका पूर्ण रूपमा बन्द भएको थियो । चार वर्षपछि २०८० कात्तिक २७ गते कोरला नाका सञ्चालन भएको थियो । त्यसअघिको वर्ष कोरला नाकामा वर्षमा दुईपटक अन्तरदेशीय व्यापार मेला हुने गरेको थियो । २०३२ सालदेखि कोरला नाका आवत-जावतमा कडाइ गरिएको थियो ।

२०५८ सालसम्म रोकतोक नरहेको सीमा २०५९ सालदेखि चीनले तारबार गरेर मेलाबाहेकको अवधिमा बन्द गर्दै आएको थियो । नाका सञ्चालनको व्यावसायिक योजना बनाउन र भौतिक संरचनाको आवश्यकता देखिएको गण्डकी प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिका सदस्य हरिबहादुर भण्डारीले बताए ।

चीनलाई सुरक्षाप्रति विश्वस्त बनाउन नाकामा सुरक्षा र राज्यका निकायको नियमित उपस्थितिका लागि पूर्वाधार निर्माणको काम तत्कालै अघि बनाउन समितिले सरकारलाई सुझाव दिएको छ । कोरलामा बन्दरगाहा निर्माणका लागि सरकारले एक हजार रोपनी जग्गाको व्यवस्थापन पनि गरिरहेको छ । तर स्थायी भौतिक संरचना बनाउन बजेट व्यवस्थापन तथा काम सुरु भएको छैन ।

## नेपाली टहरामा, चीनतर्फ भव्य महल

कोरलाको चीनतर्फ निर्माण भएको भवनभित्र पसलहरू छन् । भवन पछाडि ठूलो बस्ती बसेको छ । चीनले कोरलासम्म कालोपत्र सडक निर्माण गरेको छ ।

जिल्ला प्रशासन कार्यालयले जारी गरेको प्रवेश अनुमतिपत्रका आधारमा मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दा चिनियाँ बजारमा किनमेलका लागि जाने गर्छन् । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकाका बासिन्दाका लागि पनि प्रवेशपत्र वितरणको काम भइरहेको छ ।

हालसम्म करिब तीन हजारजनाले प्रवेश अनुमतिपत्र लिएका प्रशासनले जनाएको छ । छोसेरका व्यवसायीहरूले नेपालतर्फ त्रिपालको अस्थायी टहरा बनाएर चिया तथा खाजा पसल सञ्चालन गरेका छन् । चिया तथा खाजा पसल खुलेपछि पर्यटक र व्यापारीलाई सहज भएको छ । अस्थायी टहरा नहुँदा चिसो बतास चल्ने सो ठाउँमा चिसोले पाँच मिनेट टिक्न पनि मुस्किल पर्ने गरेको थियो ।

चिनियाँ बजारबाट स्थानीयवासीले दैनिक उपभोग्य, मदिरा, फर्निचर र कपडाजन्य सामान किनेर ल्याउने गरेका छन् । नेपालतर्फबाट चामल, फापरको पीठो, चिउरा, चाउचाउ, जडीबुटी, पस्मिनालगायत सामान निकासी गर्न सकिने सम्भावना रहेको छ ।

हाल चीनबाट आयात मात्र भएको छ । नेपाली सामान चीनतर्फ निकासी हुन सकेको छैन । आर्थिक वर्ष २०८०/८१ मा रु आठ लाख राजस्व संकलन गरेको नेचुङ भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो तीन महिनामा एक लाख १० हजार राजस्व उठेको जनाएको छ ।

कोरलाबाट ल्याएको सामान जाँचपास गराउन १३ किलोमिटर तल नेचुङमा रहेको भन्सार कार्यालय र प्रहरी चेकपोष्टमा ल्याउनुपर्दा झन्झट भएको व्यवसायी मीना गुरुङले बताए । अध्यागमन कार्यालयसँगै भन्सारसम्बन्धी सेवा र सुरक्षा पोष्ट पनि कोरलामै राख्नुपर्ने ब्यवसायीहरूले बताएका छन् ।

# १ वर्षसम्म टहरामै भूकम्पपीडित



■ अर्जुन बिष्ट

रुकुम पश्चिम । गत वर्ष कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर भूकम्प गएको १ वर्ष पुगिसकेको छ । गत २०८० साल कात्तिक १७ गते मध्यराति गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पले जाजरकोट र रुकुम पश्चिममा ठूलो जनधनको क्षति गऱ्यो । १५४ जनाले ज्यान गुमाए । हजारौँको संख्यामा भौतिक संरचना भत्किए । सयौँ मानिस घरबारविहीन बने । तर, वर्ष दिन बितिसक्दा पनि पुनर्निर्माणको कुनै टुंगो लागेको छैन ।

सरकारले १ वर्षभित्र भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण गरिसक्ने भनेर कार्यविधिसमेत बनायो । तर, १ वर्षसम्म पनि पुनर्निर्माणको टुंगो छैन । भूकम्प पीडितहरू अहिले पनि जस्ताको टहरामै बस्न बाध्य छन् । सरकारले ल्याएको पुनर्निर्माणसम्बन्धी कार्यविधिले पूर्णता नपाउँदा पुनर्निर्माणको कार्यले गति लिन सकिरहेको छैन । सरकार पुनर्निर्माणमा प्रष्ट नहुँदा भूकम्प पीडितको अवस्था दिनप्रतिदिन कष्टकर बन्दै गइरहेको छ ।

गत वर्षको ठन्डी र यस वर्षको गर्मी र बर्खा झेलेका पीडितले फेरि चिसो मौसमको सामना गर्नुपर्नेछ । १ वर्षसम्म पुनर्निर्माणको टुंगो नलाग्दा पीडितहरू थप निराश बनेका छन् । जाजरकोट भूकम्पबाट सबैभन्दा बढी क्षति भएको रुकुम पश्चिममा ३२ हजार लाभग्राही कायम भएकामा अहिलेसम्म २ हजार लाभग्राहीले पहिलो किस्ता बापतको रकम पाएका छैनन् । सरकारले भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० तयार गरेर टहरा निर्माणका लागि प्रतिपरिवार ५० हजार अनुदान व्यवस्था गरेको थियो । तर, कतिपयले पहिलो किस्ता समेत नपाउँदा जीवन थप कष्टकर बन्दै गएको छ । दोस्रो किस्ताबापतको रकम निकासा भए पनि अझैसम्म लाभग्राहीले सो रकम पाउन नसकेको बुझिन्छ ।

जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमका अनुसार जिल्लाभर ३२ हजार ६११ वटा अस्थायी टहरा निर्माण भएका छन् । भूकम्पबाट प्रभावित भएका ३२ हजार ९९६ घरधुरी लाभग्राहीको सूचीमा छन् । अझै ५२३ वटा अस्थायी आवास निर्माणाधीन छन् ।

# जुम्लामा राष्ट्रिय परिचयपत्र बनाउन टोली परिचालन

■ सौर्य समाचार

जुम्ला । सरकारले विभिन्न सेवासुविधा लिनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि यहाँ परिचयपत्र बनाउनेको संख्या बढेको छ । जिल्ला प्रशासन कार्यालयमा गत एक वर्षका अवधिमा ६ हजार पाँच सय ५६ जनाले राष्ट्रिय परिचयपत्र बनाएको प्रशासन शाखाका कम्प्युटर अपरेटर हेमन्त पुलामीले जानकारी दिए ।

कार्यालयको राष्ट्रिय परिचयपत्र शाखामा दैनिक ८० जनाभन्दा बढीको संख्यामा सेवाग्राही आउने गरेको कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षको असोज मसान्तसम्म एक हजार दुई सय २९ जनाले राष्ट्रिय परिचयपत्र दर्ता गरेको जिल्ला प्रशासन कार्यालयका प्रजिअ रामबहादुर शाहीले बताए । यहाँका आठवटै स्थानीय तहका वडामै पुगेर राष्ट्रिय परिचयपत्र बनाउनेको टोलीसमेत खटाएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । स्वदेशमा रोजगारीको सम्भावना नदेखेपछि विदेश जाने तयारीस्वरुप राहदानी लिने बढेको जिल्ला प्रशासन कार्यालयका राहदानी फाँटले जनाएको छ ।

# जहाँ दाइजोमा गाउँ नै दिइन्छ



■ सौर्य समाचार

इनरुवा । छोरीको बिहेमा सम्पत्ति नभए पनि ऋण गरेरै भए पनि समाजलाई देखाउन र इज्जत बचाउन दाइजो दिने र लिने गरेको सुन्नु र देख्नु सामान्य हो । यो चलन तराई-मधेस क्षेत्रमा बढी रहेको खबर बेलाबेला आउने गरेकै छन् ।

मधेस क्षेत्रमा बसोबास गर्ने मधेसी समुदायका व्यक्तिले छोरी/चेलीको विवाह गर्दा दाइजोमा गच्छेअनुसार पैसा तथा गहना र पहाडी समुदायका व्यक्तिले पनि शक्तिअनुसार फर्निचर, गरगहना तथा अन्य सामग्री दिनु सामान्य जस्तै हो । हिन्दु नेपाली समाजमा देशभरि नै यस्तो प्रचलन छ ।

तर, योभन्दा फरक प्रचलन नेपालमै छ, जो सुन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ । यस्तो आश्चर्यलाग्ने प्रथा हो यहाँका मरिक समुदायको, जहाँ आजपर्यन्त छोरी/चेलीको विवाह गर्दा दाइजोमा गाउँ नै दिने गरिएको छ । सुनसरीका विभिन्न क्षेत्रमा बसोबास गर्ने मरिक समुदायका व्यक्तिले अहिले पनि छोरीको बिहेमा गच्छेअनुसार गाउँ नै दाइजोको रूपमा दिने प्रचलन रहेको सुनसरी हरिनगर-२ का अगुवा भट्टाई मरिकले जानकारी दिए ।

मरिक समुदायका व्यक्तिले छोरीको बिहे गर्दा ज्वाइँ गाउँमा नै बसोबासका लागि राजी भएमा एउटा गाउँ नै दाइजो स्वरुप दिने गरेको भट्टाईले सुनाए । उनका कुरा सुनेपछि, हरिनगर-३ का चन्दन मरिकलाई यसबारे जिज्ञासा राख्दा उनले भने, 'हो नि हजुर ! ज्वाइँ राजी भएमा गाउँ नै दाइजोमा दिने चलन छ । यसको उद्देश्य भनेको छोरीचेली र भोलि जन्मिने सन्ततिलाई सहज होस् भन्ने हो ।'

मरिक समुदायको मुख्य पेसा सरसफाइ गर्ने, बिहेबारीमा आफ्नो गाउँका यजमानलाई बाँसको सामग्री पुऱ्याउने, चाडबाडका बेलामा बाँसका सामग्री बनाएर बिक्रीवितरण गर्नु हो । चाडपर्व, व्रतबन्धलगायत अवसरमा बाँसका सामग्री प्रयोग अनिवार्य भएकाले एक जनाको गाउँमा अर्को मरिक समुदायका व्यक्तिले बिक्रीवितरण गर्न नपाइने आन्तरिक सहमति हुने गरेको छ । विशेष गरेर ग्रामीण भेगमा बसोबास गर्ने नागरिकले तोकिएका व्यक्तिबाटै विभिन्न सामग्री लिने गरिन्छ । यजमानले लिएको सामग्रीबापत मरिक समुदायका व्यक्तिले चामल, धान, गहुँ, नगद र बाँस लिने गरेका छन् ।

विभिन्न किसिमका सामग्री बिक्रीका लागि बजारमा जानुपर्ने वा गाउँघरमै पसल गरेर बिक्री गर्नुपर्ने बाध्यता भए पनि मरिक समुदायका व्यक्तिले आफूले बनाएको सामग्री बिक्री गर्नका लागि गाउँ नै बाँडफाँट गरेका हुन्छन् । कुन गाउँ वा टोलमा कुन परिवारले कारोबारको जिम्मा लिने भनेर आपसी समझदारी हुन्छ । एकले अर्काको गाउँमा सामग्री बिक्री गरेमा समाजले जरिमानासमेत गर्ने गरिएको छ । आफ्नो क्षेत्र बेच्न चाहनेले कारोबार अनुसारको रकम लिई बेच्नसमेत सक्ने चलन रहेको छ ।

एक गाउँ बेच्दा ३ लाखदेखि ४ लाख वा सामाजिक मूल्यांकनअनुसार रकम लिने/दिने गरिन्छ । सोही गाउँ मरिक समुदायका व्यक्तिले छोरी-ज्वाइँलाई गाउँमै बस्ने सर्तमा दाइजो स्वरुप दिने गरिएको हरिनगर-२ का वीरेन्द्र मरिकले बताए । दाइजोमा दिएको गाउँमा उनीहरूले कारोबार गर्ने अनुमतिसमेत पाउने र मरिक समाजले त्यसलाई स्वीकार गर्ने चलन रहेको उनले सुनाए ।

# १० वर्षमा फेरिएको 'उजाड डाँडो'



■ सौर्य समाचार

बागलुङ । झाडीले ढाकिन थालेको पाखो, त्यहीबीचमा उजाड डाँडो । १० वर्षअघि यस्तो पहिचान रहेको तारजालकोट क्षेत्र अचेल भव्य संरचनासहित गुल्जार बनेको छ । त्यो हो, पञ्चकोट । १० वर्षअघि कसैले पनि सोचेका थिएनन्, त्यो उजाड डाँडो धार्मिक पर्यटकीय क्षेत्र र तपोभूमि बन्ला भनेर । त्यही डाँडो हाल आकर्षक पर्यटकीय संरचनाले भरिएको छ, ती संरचना आन्तरिक तथा बाह्य पर्यटकलाई लोभ्याउने आधार बनेका छन् । यो क्षेत्र बाइसेचौबिसे राजाका पालमा यस्तै आकर्षक थियो भनिन्छ तर लामो समयसम्म संरक्षणको अभावमा वन्जर बन्यो । पछिल्लो समय यही तारजालकोटसहित पाँचकोटलाई एकीकृत रूपमा पञ्चकोट बनाउने संकल्प गरेका पञ्चकोटका संस्थापक एवं परिकल्पनाकार मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यको पहलमा यो धार्मिक पर्यटकीय क्षेत्र बन्न सफल भएको हो ।

तारजालकोट भनिने उजाड डाँडा अहिले पञ्चकोटको रूपमा विश्वचर्चित बनेको बागलुङ नगरपालिका-६ सिमका स्थानीय गोविन्द आचार्यले बताए । पञ्चकोटलाई नेपाल सरकारले एक सय पर्यटकीय गन्तव्यमा समेत सूचीकृत गरेपछि पञ्चकोटको महिमा झनै बढेर गएको उनको भनाइ छ ।

'सानातिना पाँच वटा कोट थिए, स्वामी कमलनयनाचार्यको गृह गाउँ भएकाले २०७० सालमा स्वामी यहाँ भएको एक यज्ञमा आए, त्यसक्रममा उनले अहिले पञ्चकोट भएको स्थानमा ध्यान र तपश्या गर्ने क्रममा पाँचकोटको संगमस्थल बनाउने परिकल्पना गरेका थिए, आचार्यले भने, 'स्वामीज्यूको परिकल्पनालाई स्थानीयले साथ दिएका कारण अहिले त्यो उजाड डाँडा धार्मिक पर्यटकीयस्थल बनेको छ ।'

आचार्यका अनुसार स्वामी कमलनयनाचार्य भान्सास्थित सदाशिव आधारभूत विद्यालयमा आयोजना गरिएको महायज्ञमा आएपछि उनले पञ्चकोटको विकास गर्ने परिकल्पना गरेका थिए । त्यसपछि अहिले पञ्चकोटमा रहेको गरुडशिलाभित्र रहेको गुफामा कुटी बनाएर ध्यान तपश्या गर्दै आएका छन् र २०७१ साल फागुन ९ गते पञ्चकोटमा १०८ फिट अग्लो विश्वशान्ति कलशसहित अन्य संरचना बनाउन थालिएको थियो । करिब ९० रोपनी जग्गामा अहिले दर्जनौ धार्मिक संरचना निर्माण भइसक्दा पञ्चकोटको महत्व बढेको मात्रै छैन विश्वव्यापीसमेत भइसकेको धेरैको भनाइ छ ।

प्राकृतिक छटाले भरिपूर्ण पञ्चकोट क्षेत्रको ताराजालकोट, कारिकोट, माझकोट, राङराङकोट र संसारकोट गरी पाँच कोटको संयुक्त रूपलाई नै पञ्चकोटका रूपमा विकास गरिएको छ , पछिल्लो समय पञ्चकोटमा स्थानीय, प्रदेश र संघीय सरकारको समेत लगानी बढ्न थालेको छ । बागलुङ नगरपालिका-६ का वडा अध्यक्ष रुद्र केसीले तारजालकोटमा पञ्चकोटको संरचना बनेको र भने अन्य कोटलाईसमेत पुनर्निर्माण गरी नित्य पूजाआजा गर्न थालिएको जानकारी दिए । 'अहिले पञ्चकोट भनिएको ठाउँ तारजालकोट हो, त्यसमाथिका चार वटा डाँडाँमा अरु कोट रहेका छन् कारिकोट, माझकोट, राङरांकोट र त्यो क्षेत्रकै सबैभन्दा अग्लो डाँडामा संसारकोट रहेको छ,' केसीले भने, 'पञ्चकोटका कारण अन्य कोटहरूमा समेत सामान्य पूर्वाधार निर्माण भइरहेका छन्, अन्य कोटमा जाने पदमार्ग, सत्तललगायत संरचना निर्माण भइरहेका छन् ।'

पञ्चकोटमा १० वर्षको अवधिमा ५० करोडभन्दा बढी लगानीमा विभिन्न भौतिक संरचनाहरू निर्माण भइरहेका छन् । पञ्चकोटका संस्थापक स्वामी कमलनयनाचार्यले यस भूमिलाई धार्मिक क्षेत्र बनाउन लागि १० वर्ष लागेको र अझै अन्य योजनाहरू कार्यान्वयनको चरणमा रहेको बताए ।

दामोदरकुण्ड, मुक्तिक्षेत्र, गलेश्वरधाम, पञ्चकोट, शालग्राम संग्रहालयसहित त्रिवेणीधामसम्मको धार्मिक क्षेत्रलाई एकीकृत गरी पञ्चकोटको विकास भइरहेको उनले जानकारी दिए । 'कालीगण्डकीले कुँदेको पहाडमा यो विशाल संरचना त्यसै बनेको छैन, यहाँ धेरैको सहयोग, लगानी छ । हाल सरकारीस्तरबाट समेत बजेट आइरहेको छ, यहाँ राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्मको सवारी भइसकेको छ,' उनले भने, '१०८ फिट अग्लो कलश निर्माणका लागि समय समयमा महायज्ञ गर्दै आइएको छ ।'

पञ्चकोटमा गत फागुनमा मुक्तिनाथ महाघण्ट स्थापना गरिएको छ । पञ्चधातु सुन, चाँदी, तामा, पित्तल र फलाम मिसाएर बनाइएकाले यो घण्टीलाई 'महाघण्ट' भनिएको स्वामीको भनाइ छ । महाघण्ट आठ वर्षदेखिको परिकल्पना हाल आएर पूरा भएको र पञ्चकोटका सम्पूर्ण योजनाले पूर्णता पाउन भने अझै १० वर्ष लाग्ने जनाइएको छ । पञ्चकोटमा अहिलेसम्म सिसमहल, गरुड शिला, गण्डकीमाताको मन्दिर, पञ्चयज्ञशाला, हनुमानको विशाल मूर्तिलगायत दर्जनौँ धार्मिक संरचना बनिसकेका छन् । विभिन्न दाताको सहयोग, महायज्ञबाट संकलन भएको रकम र सरकारबाट भएको करोडौँको लगानीले यी संरचना बनेका हुन् । समुन्द्री सतहदेखि एक हजार सात सय ५० मिटरको उचाइमा रहेको पञ्चकोटमा धार्मिक संरचना निर्माणका लागि २०७१ फागुन ९ गते तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले शिलान्यास गरेका थिए ।

यहाँ करिब एक सय रोपनी क्षेत्रफलमा तीन तलाको अतिथि आवास तथा कन्या गुरुकुल, रेलिङसहितको पदमार्ग निर्माण भइसकेको छ । यस्तै, गण्डकी माताको मन्दिर र गरुणशिला, सिसमहल, सत्संग भवन, गणेश मन्दिर, हनुमानको मूर्ति, पाहुनाघर बनिसकेको छ ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# चाडपर्व सकिएसँगै विकासको चटारो होस्

नेपालीहरूका ठुला चाड दसैँ र तिहार सकिएका छन् । अब केही दिनभित्रै छठ पर्व पनि सम्पन्न हुँदै छ । छठ पर्व सकिएलगत्तै धानबाली भित्र्याउने र गहुँबाली लगाउने सिजन सुरु हुन्छ । हाम्रो देशमा विकास निर्माणको कामले गति लिने बेला भनेकै छठ पर्व सकिएपछि हो । असारदेखि भदौसम्म भारी वर्षा हुने भएका कारण विकास निर्माणको काम करिब ठप्पजस्तै हुने गर्छ । त्यसपछि कात्तिक या मंसिरको पहिलो सातासम्म ठुला चाडपर्व पर्ने भएका कारण यसै पनि काम ठप्प हुने गरेको छ । त्यसैले विकास निर्माणका कामले गति लिने भनेकै मंसिरदेखि जेठसम्मको समय हो ।

सरकारले जनतामा आशा जाग्ने गरी काम देखाउने भनेको पनि यही ७ महिनामा हो । यी ७ महिनामध्ये पनि हिउँदको सिजनमा हिमाली क्षेत्रमा जनजीवन ठप्प हुने गरेको छ । वर्षौं अघिदेखि सुरु भएका विकास निर्माणका आयोजनाहरू अधुरै छन् । एकातिर यस्ता आयोजनामा भएको लगानीको प्रतिफल आउन सकेको छैन भने अर्कातिर आयोजना निर्माणका लागि लिइएको ऋणको ब्याज बढेको बढ्यै छ । विकास निर्माणको काम बाह्रै महिना निरन्तर अघि बढाउने किसिमले व्यवस्थापन गर्न सरकार तथा राज्य संयन्त्र चुकेको देखिएको छ ।

पछिल्ला केही वर्षको अवस्था हेर्दा केही आशाजनक संकेत देखिएका छन् । यस वर्षको दसैँमा खसी–बोका आयात गर्नुनपरेको समाचार आयो । सकेसम्म स्वदेशी स्याउ किन्ने अभियान सुरु भएकाले विदेशी स्याउ आयात गर्नेहरूले समेत स्वदेशी स्याउको छाप लगाएका कार्टुन प्रयोग गर्न बाध्य भए । तिहार पर्वमा स्वदेशी फूलमालाले करिबकरिब माग धानेको समाचार पनि आए । यति मात्रै होइन, तनहुँ सेती जलविद्युत् परियोजना निर्माणको कामलाई भाइटीकाको दिनमा पनि निरन्तरता दिइएको समाचार आयो । यसैगरी यस वर्षको दसैँ र तिहारमा आन्तरिक पर्यटन पनि गज्जबले फस्टाएको समाचार आयो । पर्यटन व्यवसायीहरू खुसी भए ।

विगतका दसैँ र तिहारमा सार्वजनिक यातायातका साधन ठप्प हुने भएकाले सर्वसाधारण यात्रुलाई ठुलो सकस हुन्थ्यो, दोब्बर–तेब्बर भाडा असुलिन्थ्यो । तर, यस पटकको दसैँ तिहारमा सार्वजनिक यातायातमा खासै ठुलो समस्या भएन, यातायात मजदुरहरूले पनि श्रमको महत्व बुझ्न थालेका हुन् कि जस्तो देखियो । चाडपर्वलाई खर्च गर्ने माध्यम मात्रै बनाउने होइन, आम्दानीको माध्यम पनि बनाउनुपर्छ भन्ने चेत श्रमिक वर्गमा आउन थाल्नु भनेको देशका लागि सकारात्मक संकेत हो ।

स्वदेशी साधन स्रोत प्रयोग भएका उत्पादनहरूको निर्यात बढ्न थाल्नु, कृषि उपजको आयात वृद्धिदर घट्न थाल्नु, विदेशी पर्यटकहरूको संख्या बढ्न थाल्नु, रेमिट्यान्सको रकम वृद्धि हुनु, किसानले रासायनिक मलको अभाव बेहोरेका समाचार सुन्न नपर्नु अर्थतन्त्रका लागि सकारात्मक संकेत हुन् । यसैगरी पछिल्लो समयमा आएको सकारात्मक समाचार भनेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिआइए) मा हवाई उडान सुरु हुनु हो । अब १–२ महिनाभित्रै नागढुंगा सुरुङमार्ग सञ्चालनमा आउने सरकारले जनाएको छ । काठमाडौँ–तराई द्रुतमार्ग निर्माणको प्रगति सन्तोषजनक रूपमा अघि बढिरहेको समाचार आएका छन् । गत भदौ ११ र १२ गतेको बाढीका कारण करिब ५०० मेगावाट क्षमताका विद्युत् आयोजनाको उत्पादन ठप्प छ । यति हुँदाहुँदै पनि यो लक्ष्मीपूजाका दिनसमेत करिब ३ सय मेगावाट जलविद्युत् निर्यात भएको समाचार आउनुलाई सुखद् मान्नुपर्छ ।

विगतमा लोडसेडिङका बेला प्रिमियम शुल्क तिरेर अतिरिक्त बिजुली प्रयोग गर्ने केही उद्योगीहरूले बेइमानी गर्न खोजिरहेको कुरा छिपेको छैन, तर तीमध्ये केही उद्योगीहरूले बक्यौता तिर्न थालेको समाचार आएको छ । राज्यको ढुकुटी जसरी पनि लुट्नैपर्छ भन्ने मानसिकतालाई यो समाचारले केही हदसम्म भए पनि मत्थर पर्छ । हाम्रो देशको सत्ता सञ्चालनमा दुर्भाग्यवश बेइमान व्यक्तिहरू पुग्ने गरेको तीतो यथार्थ एकातिर छ भने अर्कातिर मौका पाउनासाथ लुटिहाल्ने व्यक्तिगत प्रवृत्ति पनि फस्टाउँदै गएको छ । यस्तो प्रवृत्ति नत्यागेसम्म देश बन्दैन । सरकार तथा राज्य संयन्त्रबाट भएको बेइमानीविरुद्ध खवरदारी गर्दै देश निर्माणमा इमानसाथ भूमिका निर्वाह गर्नु जनताको कर्तव्य हो ।

## कात्तिक २० गतेको राशिफल

| | |
|---|---|
| मेष | विरोधीवाट अवरोध । |
| वृष | धन नाश । |
| मिथुन | यात्रामा लाभ । |
| कर्कट | स्वास्थ्यमा सुधार । |
| सिंह | यात्रामा सावधानी । |
| कन्या | मनमा चन्चल बढने । |
| तुला | मन प्रसन्न । |
| वृश्चिक | कडा परिश्रम गर्नु पर्ने । |
| धनु | सुख प्राप्त । |
| मकर | चिन्ता बढने । |
| कुम्भ | व्यापारमा लाभ । |
| मीन | पदोन्नति । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# संसद्मा जाइकटक र झिकीकटकको शृंखला



कृष्ण बोहरा

न्युटनको सिद्धान्तअनुसार हरेक क्रियाको विपरीत र उल्टो प्रतिक्रिया हुन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेश छ- 'जाइकटक नगर्नू, झिकीकटक गर्नू ।' हाम्रा बूढापाकाहरूको भनाइमा पनि आफू जाइनलाग्नू, आइलाग्नेलाई बाँकी नराख्नू भन्ने छ ।

माथिका भनाइहरू हाम्रो सामाजिक र राजनीतिक व्यवहारमा सधैं मेल खाँदै आइरहेका छन् । २०७९ मंसिरमा भएको चुनावपछि संसद्मा नयाँ शक्तिका रूपमा रवि लामिछानेको उदय भयो । यसले परम्परागत रूपमा सत्ताको बागडोर सम्हालिरहेका दलहरूलाई थ्रेट महसुस भयो । प्रचण्ड कामे्रडको भाषामा निरन्तरतामा क्रमभंगता भएझैं भयो । २१ सिटसहित संसद्मा आएको रास्वपाले भ्रष्टाचार, ढिलासुस्ती र अनियमितताको उछितो काढेर विरोध गर्न थाल्यो । निउँ के पाउँ भन्ने थियो । रवि लामिछानेको कमजोरी खोजीनीतिको विषय बन्यो ।

दुइटा नागरिकता, दुइटा पासपोर्ट फेला परेपछि उनी गृहमन्त्री भएकै बखत पहिलो पटक अनागरिक भए । पार्टी सभापति, गृहमन्त्री र सांसदको पद पनि गयो । हुन त यस्ता दोहोरो नागरिकता भएका पुराना पार्टीका अरू पनि पदासीन छन् । कसैले पनि त्यसको वास्ता गरेको बुझिएको छैन । जो चुदुरबुदुर गर्छ, कसैले नगरेको नयाँ काम गर्न खोज्छ, उसले यो नियति भोग्नुपर्ने कुरा सामान्य नै हो । हाम्रा पुराना बुढापाकाले भन्ने गर्दथे-'अन्धाको देशमा गए आँखा चिम्लनु र लंगडाको देशमा पुग्दा खुट्टा खोच्याउनु ।' त्यो लामिछानेले गरेनन । नयाँ काम गर्न जनताको मत लिएर आएका उनले संसद्मा आएर पनि भ्रष्टाचार र अनियमितताको खुलेर विरोध गरे । उनलाई अरुले भन्दा नयाँ कसरी गरौं ? भन्ने थियो । नयाँ गर्नकैलागि जनताको म्याण्डेट पाएका उनले नयाँ नगर्ने बित्तिकै उनको औचित्य पनि त समाप्त हुन्थ्यो । यसैले के के गर्न सकिन्छ ? त्यो उनले गर्ने प्रयास गरे ।

प्रहरी संगठनमा सरुवा बढुवा आदि पावर र पैसाको आधारमा हैन योग्यता क्षमता र सेवा अवधीका आधारमा हुने भन्ने उर्दी जारी गरे । यसले प्रहरी संगठनमा पनि नयाँ आशा जगाएकै थियो । ढिलासुस्ती र घुसखोरीको बिरुद्धमा पनि केही काम हुन सुरु भएकै थियो । तर उनको नागरिकता केसको उल्झनले गृह मन्त्री र सांसदको पद गयो । अनागरिक समेत भएकाले र पार्टीको सभापति पद समेत गयो । दुई दिन पछि उनले पुरानो नागरिकता बुझाई त्यही नम्बरमा नयाँ नागरिकता लिएपछि बल्ल पू:न नेपालको नागरिक हुन पाए । उनको पार्टी अध्यक्ष पद फिर्ता भयो । तर सांसद पद फिर्ता भएन । चितौनमा उनको क्षेत्रमा नयाँ चुनाव भयो । भारी मतले पू:न उनी बिजय भएर संसदमा आइपुगे ।

संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समेत समर्थनमा प्रचण्ड काम्रेडले सरकारको नेतृत्व गरिरहनु भएको थियो । रास्वपा यो मन्त्रिमण्डलमा समाबेस हुन चाहेन । यस बखत रविले गर्ने भूमिकामा माओबादी पार्टीको नेतृत्वको सरकारले केही उल्लेखनिय कार्यहरू गऱ्यो । गृहमन्त्री नारायणकाजी श्रेष्ठले ललिता निवास काण्ड, भुटानी सरणार्थी काण्ड, टिकापुर जग्गा काण्ड, सून काण्ड जस्ता ठूला काण्डका फायल खोले । माओबादीका प्रभावसाली नेता बर्षमान पून समेत सून काण्डमा तानिए । पूर्व सभामुख कृष्णबहादुर महराका बाबु छोरा नै तानिइसकेका थिए । भलै यो केस अगाडि जान भने सकेन । यसमा माओबादी पार्टीका केही बाध्यताहरू थिए ।

ललिता निवास काण्डमा भाटभटेनीका साहु मिनबहादुर गुरुङ्ग जेलकै हावा खान पुगे । पछि उनी धरौटीमा रिहा भएका हुन । अदालतमा मुद्दा चलिरहेकै छ । मुद्दा टुंगिएको अवस्था छैन । भुटानी शरणार्थी काण्डमा कांग्रेसका पूर्व गृहमन्त्री बालकृष्ण खाँड समेत जेल पुगे । कांग्रेस सभापति शेरबहादुर देउवा पत्नी आरजु राणा स्वयम पनि यो केसमा छानबिनको

> संसद्मा रवि बेलाबेला भन्ने पनि गर्थे– 'हाम्रै कारणले भ्रष्टाचारको सवालमा केही कुरा भएका छन् ।' जसले गरे पनि राम्रै गरे त के भो ? हाम्रै कारणले किन भनिरहनुपऱ्यो ? संसदीय व्यवस्थाको कमजोरीका रूपमा देखापरेको जस अरूलाई दिनै नचाहने प्रवृत्ति रविमा पनि देखियो

दायरामा थिइन् । उनलाई टिकापुर जग्गा काण्डमा पनि तानिने छाटकाट आइसकेको थियो । यहि क्रममा केही समझदारी बनाउन भनि पूर्व गृह मंन्त्री नारायणकाजी श्रेष्ठ पूर्व प्रधान मन्त्री देउवाको निवास पुगेका थिए । आरजुका कुरा सुन्ने बित्तिकै देउवा, 'मर्ता क्या नै कर्ता' भनेर जंगिएर जुरुक्क उठेको भन्ने खवर बाहिरिएको छ । प्रचण्ड मंन्त्रिमण्डलको सरकारले पनि भ्रष्टाचारको सवालमा केही गर्न खोजेको भन्ने कुरा त्यसबेलाको गतिविधिबाट बुझिन्छ ।

हुन त २०६२ साल पछि पहिलोपटक संसदमा बहुमत सहित आएको माओबादी पार्टीको सरकार प्रमुख हुदा पनि प्रचण्ड काम्रेडले केही नयाँ काम गर्न खोज्नुभएकै थियो । निरन्तरतामा क्रम भंगता उहाँको भाषणको शव्दावलीमा प्रशस्त सुन्न पाइन्थ्यो त्यो बेला । पशुपतीनाथमा भारतिय भट्ट पुजारी हटाउने काम नयाँ थियो । तत्कालिन सेना प्रमुख रुकमांगत कटुवाललाई हटाइ तेस्रो बरियताका व्यक्तिलाई सेना प्रमुख बनाइएको थियो । तर पछि तत्कालिन राष्ट्रपति डा. रमवरण यादबको कदमले प्रचण्डले गर्न खोजेका काम सबै असफल भयो ।

यसपछिका दिनहरूमा माओबादी पार्टीका बिखण्डनका दिनहरू सुरु भए । संसदिय व्यवस्थामा समाबेस हुनु नै गलत थियो भन्दै कति त अलगिए र छुट्टै पार्टी गठन गरे । तर अलगिनेहरूले पनि नयाँ केही गर्न सकेनन् । कोही पू:न त्यही आफ्नो मातृ पार्टीमा आएर मिसिए । यसपछिका दिनहरूमा माआबादी केन्द्र पनि पुराना राजनीतिक दलकै रूपमा दर्ज भएर अगाडि बढिरहेको थियो । तर रविको आगमन पछि आएको रौनकले प्रचण्ड काम्रेड र नारायणकाजी जस्ता केही गरु भन्ने भावना भएका नेताहरूलाई नयाँ रक्त संचार भएको देखिन्छ । यसै व्यवस्था भित्र पनि गरे केही हुन्छ भन्ने प्रभाव केहीलाई त परेकै हो । संसद्मा रवि बेला बेला भन्ने पनि गर्दथे-'हाम्रै कारणले भ्रष्टाचारको सवालमा केही कुरा भएका छन् ।' जसले गरे पनि राम्रै गरे त के भो ? हाम्रै कारणले किन भनिरहनु पऱ्यो ? संसदीय व्यवस्थाको कमजोरीका रूपमा देखापरेको जस अरुलाई दिनै नचाहने प्रवृत्ति रविमा पनि देखियो ।

प्रचण्ड काम्रेड नेपाली कांग्रेसको समर्थन छोडेर पू:न नेकपा एमालेको समर्थनमा सरकार बनाउन आइपुग्नुभयो । संसद्को जोड घटाउमा पू:न रवि गृहमन्त्री बन्ने । पहिल्यै नेपाली संचार क्षेत्रका मनोपोली गर्न पल्केका बाह्र भाइको रविले एक एक गरि पोल खोलेकै थिए । बाह्र भाइ मध्येको जेठो भाइ कान्तिपुर मिडिया ग्रुपका मालिक कैलास सिरोहियालाई नागरिका केसमा नै जेलको हावा खान पठाइदिए । यहि कान्तिपुरको पटक पटकको भँगेर अक्षरमा छापिने समाचारका कारण रवि पावरमा रहदैको अवस्थमा अनागरिक बनेका थिए । रविले यसपटक पृथ्वी नारायण शाहको भाषामा भन्ने हो भने जाइकटक गरेका थिए ।

भ्रष्टाचारका ठूला ठूला फाइल बाहिर आउन थालेपछि संसद्मा रहेका ठूला दलहरू प्रचण्डको सरकारमा भएको हालीमुहाली देखि वाक्क भएको अवस्था थियो । दुबै ठूला दललाई खेलाउने र पछार्ने रणनीति बुझेका दलका शीर्ष नेताहरूले प्रचण्डको चालबाजी बुझिहाले । कहिल्यै मिल्न नसक्ने ठूला दलका शिर्ष नेताहरूको आपसमा मन्त्रणा भयो । अचानक पासा पल्टियो । नेकपा एमालेका अध्यक्ष खड्गप्रसाद ओलीको नेतृत्वमा सरकार बन्यो । नेकपा माओबादी केन्द्र र रास्वपा पार्टी बिपक्षी दलको बेन्चमा बस्न बाध्य भए । आफ्ना प्रिय भाउजूका विरुद्ध उभिएका तत्कालीन गृहमन्त्री रवि लानेछानेलाई सहकारी ठगको बिल्ला भिराउन पहिलेदेखि नै युवा नेता भनिने गगन थापाहरू सक्रिय थिए । सरकारबाट रास्वपा हटिसकेपछि रवि पावरबाट झरिसकेको अवस्था थियो । उनलाई पोखराको सूर्यदर्शन सहकारी ठगेको आरोपमा संसद्को छानबिन समितीले कार्यबाहीको निसाना बनायो । रविले गरेको क्रियाको यो कांग्रेसको प्रतिक्रिया थियो ।

सहकारी छानबिन समितीका संयोजक सूर्य थापालाई पत्रकारहरूले सोधेको प्रश्नको उत्तर यस्तो छ:- १) लामीछाने कुनै सहकारीको सदस्य बनेका छन ? उत्तर - छैनन् । २) कुनै सहकारीका संचालक बनेका छन ? उत्तर - छैनन् । ३) रवि लानेछानेले कुनै सहकारीबाट ऋण लिएका छन ? उत्तर - छैनन् । ४) ऋणकोलागि कतै निबेदन दिएका छन ? उत्तर - छैनन् । ५) कतै कागजात पेस गरेका छन ? उत्तर - छैनन् । ६) कतै आफै उपस्थित भएर ऋण मागेका छन् । उत्तर - छैनन् । ७) गोरखा मिडियाको संचालक समितिको माइन्यूटमा सहकारीवाट ऋण लिने भन्ने कहिल्यै कुनै निर्णय गरिएको छ ? उत्तर - छैन ।

अन्तिममा उनै सूर्य थापा भन्छन-'हामीले रवि लामेछानेलाई दोषी किटाण नै गरिसकेका छौं । किनभने यसको खर्चमा उनी दोषी छन् । उनले गोरखा मेडियामा बसेर चेक काटेका छन् ।' माथिको प्रश्नोत्तरले रविलाई राजनीतिक रूपमा प्रतिशोध साधेको मात्र देखिन्छ । भलै उनी प्रहरीको कष्टडीमा पुगिसकेका छन् । सहकारी ठगीको रकम ८७ अर्ब रूपैंया भन्दा माथि पुगिसकेको भन्ने देखिन्छ । यसमा ठूला ठूला ठगी काण्डका अपराधीहरू पुराना र ठूला पार्टीकै देखिएका छन् । उनीहरू ढुक्कले आरामको निन्द्रा निदाईरहेको अवस्था छ । पोखरामा भएको रास्वपाको जुलुसमा देखिएको जनसमर्थनलाई देख्दा लामिछाने सहकारी ठग हुन भन्ने कुरा जनताले नपत्याइरहेको नै पुष्टि हुन्छ ।

# ठिक्क प्रजातन्त्र, बाँकी 'ठोकतन्त्र'



ताराबहादुर कोइराला

विधि, पद्धति र आफ्नै आस्था विपरीत जबर जस्ती गर्ने, कज्ज्याउने, फतुर लगाउने, दिक्क पार्ने, ठेगान लगाउने र पराजित गर्ने रणनीति नेपालको राजनीतिमा गज्जबले फस्टाएको छ । २०४६ को परिवर्तन पछि नेपाली कांग्रेसको नेतृत्वमा संविधान निर्माण गर्ने जटिलतम काम सम्पन्न भयो । किसुनजीको साहस, चातुर्यता र अडान कमजोर भएको भए राजालाई संविधान भित्र बाँध्न सम्भव थिएन । नेकपा एमाले अब्बल बन्न संविधानलाई आलोचनात्मक समर्थन भन्यो । २०४८ सालमा भएको आम निर्वाचनमा नेपाली कांग्रेसले ११४ सिट सहित पूर्ण बहुमत प्राप्त गरेर सरकार बनायो । पञ्चायतको विरासतको रुपमा आएको विकृति विसंगति माथि प्रहार गर्न सकेन । मकै पिस्दा घुन पनि परे होलान, तर मल्लिक आयोगको सिफारिसमा परेका पञ्चायतकालिन केहि उच्च पदस्त कर्मचारीहरु बर्खास्त गरेर तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कर्मचारीतन्त्रमा सुधार ल्याउन खोजेका थिए । अदालतले ब्रेक लगाई दियो । मुद्दा जितेर पुनर्बहाली भएका तिनै कर्मचारीलाई एमालेले उपयोग गऱ्यो ।

त्यतिबेलासम्म नियुक्तिहरुमा विना स्वार्थ योग्यता क्षमता र जेष्ठतालाई प्राथमिकता दिइएको थियो । विधिको शासन स्थापना, आर्थिक विकासको आधार खडा गर्ने र विकास निर्माणको क्षेत्रमा केहि काम भएका पनि थिए । एमालेले कांग्रेस सत्तामा बसेको सहन सकेन । सडक र संसद दुबै मोर्चामा बबाल मच्चाउन थाल्यो । संसद चल्न दिएन । संसदका कुर्सी भाच्यो । गोल्छे सार्की उचालेर तत्कालिन मन्त्री रामचन्द्र पौडेलको जुत्ताले गाला पड्कायो । नेकपा एमाले धेरै पटक सरकारमा गयो । माधव नेपाल, झलनाथ खनाल र खड्ग ओली प्रधानमन्त्री भए । ओली त चार पटक प्रधानमन्त्री भैसके । मदन भण्डारीकी धर्म पत्नी स्वयम विद्या भण्डारी राष्ट्रपति सम्म भइन ।

मदन भण्डारीको हत्या थियो कि दुर्घटना वा आफै भित्रको षड्यन्त्र थियो । खोजी गर्न एमाले नेताहरुले आवश्यक ठानेनन् कांग्रेसलाई अप्टी लगाएर वितण्डा खडा गरे । रत्नपार्कको रेलिङ भाचे । उधुम मच्चाए । एक बालक समेत कतिको ज्यान गयो । कांग्रेसलाई थाल खाँउ कि भात खाँउ पारे । काम गर्न दिएनन् ।

कांग्रेसले पनि मति विगाऱ्यो । आफ्नै झगडाले सरकार ढाल्यो । कांग्रेसका केहि मन्त्री र मानिसहरू कमिसन खान र सत्ताको दुरुपयोग गर्न नलागेका होइनन् । तर गति छाडेर कांग्रेसले काम गरेको थिएन । टनकपुर सम्झौता धोका हो भनेर एमालेले कांग्रेसको उछित्तो काड्यो । पछि महाकाली सम्झौता अनुमोदन गर्न ज्यान छाडेर लाग्यो । एमालेले सर्वोच्च अदालतको फैसला मानेन । तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको विरुद्ध नारा जुलुसै गऱ्यो । गिरिजाप्रसादको पुत्ला त दिनको सात चोटी डढायो होला । कर्मचारी, प्रहरी र सरकारका सबै निकायलाई त्रासमा राखेर नियन्त्रण गर्न केहि हदसम्म सफल भयो । कांग्रेसले गल्ती गरिरहेको हो कि भन्ने भ्रम पनि सिर्जना भयो ।

एमालेको फर्मुला सफल बन्यो । २०५१ मा भएको मध्यावधि निर्वाचनमा कांग्रेस भित्र भएको झगडाबाट फाइदा लिएर नेकपा एमालेले सबैभन्दा ठुलो पार्टीको हैसियतले सरकार बनायो । राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता नपाएर विघटनको संघारमा पुगेको एमालेले जिबन पायो । भ्रष्टाचार, कांग्रेसीकरण र विधि पद्धतिको नारा दिएर आएको एमालेले भ्रष्टाचारलाई संस्थागत बनायो । विधि पद्धति र परम्परा भताभुंग बनायो । कर्मचारी तन्त्रमा आतंक मच्चायो र आफ्नो संजाल निर्माण गऱ्यो । यसरी एमालेकरण गऱ्यो की, संबैधानिक देखि पिउन सम्मको पदमा आफ्ना कार्यकर्ता भर्ना गर्न सुरु गऱ्यो । योग्यता नपुगेको मानिसलाई आइजीपी बनाउन खोजेर प्रहरीमा बबाल मच्चायो । मासिक एक सय बृद्ध भत्ता बाडेर ख्याति कमायो । गिरिजाप्रसादलाई फालेर आफ्नो प्रधानमन्त्री बनाउन एमाले पल्टन भारत गयो । दिल्ली दरबारमा लम्पसार पऱ्यो । समय क्रममा एमाले आफुलाई सच्याउने बाटोमा त आएको छ तर त्यही फर्मुला अरुले समाई दियो । अहिले आफ्नै गलपासो बनेको छ ।

नेकपा माओवादी सशस्त्र द्वन्द र त्यसबाट भएको धनजनको क्षति औचित्यपूर्ण थिएन भन्ने कुरा आज आएर प्रमाणित भएको छ, तर हिंसाको आतंक खडा गरेर प्रचण्ड तीन पटक प्रधानमन्त्री बने । सुरुमा एमाले र अन्य वामपन्थीहरूलाई साथ लिएर काँगेस काट्ने, सेर्ने र लखेट्ने काम गरे । एमालेका कार्यकर्ता माओवादीको नाममा राती राती राँके जुलुस निकाल्थे । पछिल्लो चरण एमालेलाई पनि ठोक्न थाल्यो । आफ्नो राजनीतिक प्रभुत्व कायम गर्न विरोधीका घुँडाका पाँग्रा खुस्काउने, अंगभंग बनाउने, लुटपाट मच्चाउने र मानिस मारेर वाक्कदिक्क बनायो ।

शान्ति वार्ता गरेर बाह्र बुँदे सहमति गर्न गिरिजाप्रसाद र राजनीतिक दलहरु बाध्य भए । गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता आन्दोलनको जनादेश पनि थिएन बाह्रबुँदे सहमतिको सर्त पनि थिएन । माओवादी र अन्य केही शक्तिहरुलाई कसैले उपयोग गऱ्यो ? तर दबाबमा यी एजेन्डाहरु देशले मान्नु पऱ्यो । कांग्रेस एमाले लछारिएर सहमतिमा गए । जनता तताउन अब्यबहारिक र उग्र नारा लगायो । असंभव सपना बाडेर मानिस उफाऱ्यो । सरकारमा रहदा यो प्रवृत्तिलाई विरोध गर्ने माओवादीले सरकारबाट खुस्केपछि त्यही एजेन्डा समाउने गरेको छ । यो लैबरी चरित्रले माओवादी पार्टीलाई पतन गराउछ । आफुलाई सुधार गरेर अस्तित्व जोगायो भने पनि भोग्ने नियति त यही नै हो ।

विकल्पको खोजीमा रहेका जनताले रास्वपालाई साथ दिए । नीति, नेतृत्व र इतिहास नभएको रास्वपा विधि, पद्धति र नैतिक मुल्य मान्यताबाट पनि च्युत भएको रहेछ । पत्रकार हुदा सरकारी निकायले गर्नु पर्ने न्याय निसाब आफै गर्दै हिडे । सरकारको विरोधमा भएका राजनीतिक दलले रविलाई उचाले । बर्तमान परिस्थिति सँग असन्तुष्ट जनमतले साथ दियो । उनी हाईहाई भए । पत्रकार सालिकराम पुडासैनी को आत्महत्या दुरुत्साहन काण्डमा हुल प्रदर्शन गरे । अनुसन्धान र न्यायीक निकायमाथि दबाब सिर्जना गरेर उम्किए ।

उनका सवारी चालक दिल बहादुर थापा छतबाट खसेको र उपचारको क्रममा मृत्यु भएको भनिए पनि घटना प्रकृति र घटनाक्रमले उनको स्वभाविक दुर्घटनाबाट मृत्यु भएको मान्न धेरै मानिस तयार छैनन् । दोहोरो नागरिकता र पासपोर्ट काण्डमा उनिसँग भएको जनमत देखेर सम्बन्धित निकाय डरायो र उन्मुक्ति पाए । सहकारी विवादमा लामिछानेको नामबाट पैसा गएको छ । सोही नाम गरेको ब्यक्ति अर्को छैन । मैले सहि गरेकै होइन भन्छन । जीवी राई उनका पाटनर, कहाँ छन् थाहा छैन भन्छन् । संसदीय समितिले लामिछाने भएकै कारण सहकारी ठगी ठहर गर्न सकेन । गोरखा मिडियाको रकम अपचलन भनेर उम्कियो ।

संसदीय समिति गठन हुनुपर्ने केश होइन यो । रविको नाममा प्रहरीमा उजुर परिसकेपछि प्रहरीले मुद्दा चलाउनु पर्ने थियो । रविसँग प्रहरी डराएर मुद्दा चलाउन सकेन । जिबी राईसँगको सम्बन्ध, उनको पुरानो पृष्ठभूमि र गोरखा मिडियामा रहेको उनको प्रत्यक्ष संलग्नताले उनी सहकारी ठगीमा संलग्न छैनन् भन्ने आधार छैन । तर लाज पचाएर प्रतिवाद गर्छन् र दुनियाँलाई उल्लु बनाइरहेका छन् । अमेरिका देखि देश भित्र दर्जनौं मुद्दा रविको नाममा चलिरहेको छ । उनै ईमानदार ।

संसदीय छानबिन समितिले पेस गरेको प्रतिवेदनको आधारमा प्रहरीले रविको मुद्दा अगाडि बढाएको छ । अहिले पनि प्रहरी र अदालतलाई दबाब दिन र प्रभावमा पार्न पोखरामा हुल जम्मा गरेर चुरिफुरी गरिरहेका छन । जनसागर त प्रहरी फोहराको घेरैमा सिमित थियो । तर पनि जनमतको धाक लगाएर थर्काइ रहेको छ । इजालसको मर्यादा राख्दैन । प्रहरीलाई आरोप लगाउछन् ।

प्रहरी नियन्त्रणमा छन् । पत्रकार सम्मेलन गर्ने छुट पाउछन् । भोलि अदालत र प्रहरी पनि प्रभावमा परे भने सहकारी पीडितले न्याय खोज्न कहाँ जाने ? यस्तो खाले जबरजस्ती प्रवृत्ति राजनितीमा कहिले सम्म उपयोग हुने हो ? भ्रम र झुठको खेतीमा नेपाली जनता कहिलेसम्म रमाउने हो ? जनता भ्रष्टाचारको विरोध गर्छ । भ्रष्टचारीको पक्षमा जुलुस निकाल्छ । धन्य नेपाली जनता ! तिम्रो विवेक ।

गम्भीर राजनीतिक चिन्तन र चरित्र, परिपक्व र इमान्दार कार्यशैली, दृढ अठोट र संकल्प अनि आँट, धैर्य र देश बनाउने कार्ययोजना भएको दुरदर्शी नेतृत्व देशले कहिले पाउला ? ठिक्क प्रजातन्त्र बाँकी ठोकतन्त्र ! यही हो देश बनाउने मूल सूत्र ! बन्द गर सबै खाले छाडातन्त्र ।

सौर्य दैनिक मधेस

# छठका लागि पोखरी, ताल र नदी किनार सजाइँदै



■ सौर्य समाचार

राजविराज । यहाँको राजविराजसहित जिल्लाका विभिन्न ताल तलाउ, खोला, नदी किनार र नहर छठ पर्वका लागि सजाउन थालिएको छ ।

विजयादशमी र दीपावली सकिएलगत्तै छठपर्व सुरु भएपछि जलाशय, पोखरी किनारमा पूजाघाट बनाउन स्थानीय सरसफाइमा जुटेका छन् । सदरमुकाम राजविराजमा रहेको कल्टु पोखरी, तुरुन्ती र भगवती पोखरीसहितका पोखरीमा वर्षौंदेखि थुप्रिएका फोहोर सफाइ गरी छठ मनाउन घाट निर्माण गरिरहेको राजविराज नगरपालिका-३ निवासी लालु रजकले बताए । यहाँ सफाइ गरिएका पोखरीमा कागज, केराको थाम र असोकको पत्ता तथा विद्युतीय बत्तीबाट सजाउने काम भइरहेको उनले जानकारी दिए ।

ग्रामीण क्षेत्रका जलाशयहरूमासमेत पूजाघाट बनाइ सजाउने काम भइरहेको छ । हनुमानगर बजारमा युवाहरू सोमबार बिहानदेखि पोखरी सफाइमा लागेको स्थानीय राजेन्द्र मिश्रले बताए । भारदहस्थित कोशी ब्यारेजमा सफाइ तथा घाट सजाउने काम भइरहेको छ । यहाँ भारतको सुपौल जिल्लाको वीरपुर, भीमनगरलगायत विभिन्न सहरका सर्वसाधारण छठपर्व मनाउन प्रत्येक वर्ष आउने गरेका छन् । छठ सुरु भएपछि बजार तथा ग्रामीण क्षेत्रमा रेडियो र साउन्ड सिस्टमबाट छठी मैयाको महिमाका भोजपुरी र मैथिली गीत गुञ्जिन थालेका छन् ।

छठमा प्रयोग गरिने वस्तुको मूल्य आकासिएपछि उपभोक्ता मारमा परेका छन् । छठपर्वमा प्रसादका रूपमा प्रयोग हुने केरा, नरिवल, उखु, मुला, कागती, स्याउ, सुन्तला, सख्खरका साथै बाँसको बत्तीबाट बनेको नाङ्लो, कोनियाँ र माटाको भाँडाकुँडाको सामानको मूल्य दोब्बर भन्दा बढीले आकाशिएको छ ।

मूल्यवृद्धिमा कुनै निकायले चासो नदेखाएको स्थानीयको गुनासो छ । निर्धनता र निःसन्तानबाट मुक्ति पाउन एवं मानव जातिको उत्थान गर्न र आरोग्यताका लागि यो पर्व मनाइने गरिन्छ । सूर्यको आराधनाबाट चर्मरोग निको हुने, सन्तान र धनलाभ हुने जनविश्वास छ । आरोग्य र दीर्घायुसँग जोडिएको छठपर्व मनाउनुको पछाडि धार्मिक मान्यतासँगै वैज्ञानिक र ज्योतिषसम्बन्धी तथ्य रहेको पाइन्छ ।

# छठका लागि ५ करोडको केरा आयात



■ सौर्य समाचार

धनुषा । छठ पर्वका लागि मधेस-प्रदेशको राजधानी जनकपुरधाममा मात्र ५ करोड रुपैयाँ बराबरको केरा भारतबाट आयात गरिएको छ । छठ पर्वमा व्रतालुका लागि केरा अनिवार्य मानिन्छ ।

जनकपुर फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष विश्वेश्वर यादवले छठ पर्वमा सिंगै केराको घरी नै भगवानलाई अर्घका रूपमा चढाउने हुँदा माग उच्च हुने र स्थानीय उत्पादनले नधान्ने भएकाले हरेक वर्ष आयात गर्नुपर्ने बाध्यता रहेको बताए ।

उनले अघिल्लो वर्ष करिब चार करोडभन्दा बढीको केरा भित्र्याइएकामा यसवर्ष करिब पाँच करोड बराबरका ८५ ट्रक केरा भित्र्याइएको जानकारी दिए ।

जनकपुरधाममा गोपाल र वंशीभोग केरा नेपालको सप्तरीस्थित भारदह, भान्टाबारी तथा इनरुवाबाट भित्र्याइएको छ । मालभोग, मिरिचमान, चिनी चम्पा केरा भारतको आसाम, गोहाटी, बंगाल, हाजिपुर, ठाकुरगञ्ज र चम्पारणबाट मगाउने गरिएको फलफूल तथा तरकारी व्यवसायी समितिका सचिव भुवनेश्वर पूर्वेले जानकारी दिए । छठ पर्वसँगै अघिल्लो वर्षको तुलनामा यस वर्ष २० प्रतिशतले केराको मूल्य बढेको उनले बताए । 'छठ पर्व मनाउनेको संख्या वृद्धि भएकाले केराको माग पनि बढेको हो । यसैले बजारको मागअनुसार गत वर्षको तुलनामा यस वर्ष २५-३० ट्रक बढी केरा मगाइएको छ,' सचिव पूर्वेले भने ।

फलफूल तथा तरकारी व्यवसायी समितिका अध्यक्ष यादवका अनुसार १० चक्काको ट्रकमा एक हजार दुई सय घरी केरा आउँछ । प्रतिट्रक बराबर जनकपुरसम्म ल्याउँदाको खर्च छ लाख पर्छ । बजारमा प्रत्येक केराको घरीलाई पाँच सयदेखि एक हजारसम्म मूल्यमा बिक्री गरिन्छ ।

नेपालमा केरा उत्पादनको प्रचुर सम्भावना भए पनि मागअनुसार उत्पादन नहुँदा हरेक वर्ष भारतबाट आयत गर्नु परिरहेको व्यवसायीको भनाइ छ । साथै देशभित्र उत्पादन हुने केरा भन्दा भारतबाट आउने केराको मूल्य सस्तो पर्ने गरेकाले सीमावर्ती क्षेत्रमा भारतबाट आयात गर्ने गरिएको जानकारहरू बताउँछन् ।

# एउटै मेलाका लागि ३ वटा समिति, चन्दा उठाउनेलाई कारबाहीको माग

■ सौर्य समाचार

बारा । जिल्लाको पचरौता नगरपालिकामा परम्परादेखि लाग्दै आएको महाबिरी झन्डा मेलाको विवाद चर्किंदै गएको छ । पचरौता नगरपालिका-७ बेनौली गाउँमा परम्परादेखि लाग्दै आएको महाबिरी झन्डाका लागि ३ ओटा मेला समिति गठन भएपछि मेलापूर्व नै विवाद चर्केको हो ।



पचरौता नगरप्रमुख जलन्धर सिंह जैसवारले मेला लगाउने नाममा विभिन्न समूहले जबरजस्ती चन्दा उठाउने काम गरिरहेकाले तत्काल रोक्न र चन्दा उठाउनेमाथि कारबाहीको माग गरेका छन् । हरेक वर्ष छठ पर्वको समापनसँगै सुरु हुने मेलामा गत वर्ष निकै विवाद भएको थियो । विवाद बढेपछि प्रहरीले दर्जनौं राउन्ड गोली चलाएको थियो । विगतदेखि मेला लाग्दै आएको भए पनि केही वर्षदेखि मेलामा विवाद हुँदै आएको छ । मेलामा हुने विवाद रोक्न वडा कार्यालयको पहलमा नगरपालिकाले मेला समिति निर्माण गरेपछि झन् विवाद चर्किएको हो । मेलाका लागि नगरपालिकाको नगरसभा तथा बोर्ड बैठकले ५ लाख रुपैयाँ छुट्याएर मेला लगाउन समितिलाई कार्यादेश दिइसकेको छ । केही मानिसले आफ्नो स्वार्थ पूरा नहुने देखेपछि मेला लगाउन नै रोक लगाउनुपर्ने माग गर्दै अदालतमा मुद्दा दायर गरेका थिए । अदालतले तत्कालका लागि मेला लगाउन रोक लगाउन मिल्ने कारण नदेखिएको भन्दै आदेश दिइसकेको छ ।

परम्परादेखि लाग्दै आएको मेलाको स्थानको विषयमा पनि विवाद उठेको छ । नगरपालिकाले महाबिरी झन्डा तथा ब्रह्मबाबा पुजन कार्य मेला स्थानीय विद्यालयमा हुँदै आएकामा नगरपालिकाले नजिकै रहेको पोखरीको ठुलो डिललाई स्थान तोकेको छ । पोखरीको डिलमा मेला सारिएपछि कतिपयले पहिले लाग्दै आएको विद्यालयमा नै मेला लाग्नुपर्ने भन्दै मेला समिति गठन गरेका छन् ।

विद्यालयको चौरमा मेला लगाउन उचित नहुने भन्दै अर्को समूहले विद्यालय बाहिर मेला लगाउने भन्दै तेस्रो मेला समिति पनि गठन गरेका छन् । विद्यालयभित्र र विद्यालय बाहिर मेला लगाउने भन्दै आफूखुसी मेला समिति गठन गरेका समूहहरूले स्थानीयसित चन्दा असुल गरिरहेको नगर प्रमुख जैसवारको भनाइ छ । मेला लगाउन, नाच, जात्रा गराउन तथा मदिराको बिक्रीका साथै जुवाबाट रकम असुल गर्न केही मानिसले महाबिरी मेलालाई बदनाम गराउन चाहेको नगरप्रमुख जैसवारको भनाइ छ । नगरप्रमुख जैसवारले सोमबार पत्रकार सम्मेलन गरी मेलालाई सभ्य र भव्यतापूर्वक लगाउन स्थानीयलाई सहयोगका लागि आग्रह गरेका छन् । मेलामा कुनै किसिमको विकृति हुन नदिनको लागि र नगरपालिकाले तोकेको ठाउँसँगै अन्यत्र सोही मितिमा मेला लगाउन दिँदा झैझगडा हुने भएकोले अन्यत्र मेला लाग्न नदिन नगरप्रमुखले माग गरेका छन् ।

नगरप्रमुख जैसवारले शान्ति सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय बारा र जिल्ला प्रहरी कार्यालय बारासित तिन सय प्रहरीको माग गरिएको बताउँदै नगर प्रहरी तथा स्वयंसेवकहरू पनि मेलाको व्यवस्थापन तथा शान्ति सुरक्षाको लागि परिचालन गरिने बताएका छन् । नगरपालिकाले तोकेको ठाउँभन्दा अन्यत्र मेला लाग्न नहुने र सम्बन्धित निकायले पनि ध्यान दिनुपर्ने जैसवारको तर्क रहेको छ ।

यता सोही नगरपालिका-४ का वडाध्यक्ष एवं नगर प्रवक्ता लक्ष्मी यादवले सबै कुराको स्मरण गराउँदै प्रेस रिलिज पढेर सुनाए । उनले पनि वडाको अनुमतिबिना कुनै किसिमको मेला, नाटक, झाँकी, नाच गर्न नहुनेमा जोड दिए । सो अवसरमा मेला आयोजना भइरहेको वडा नम्बर ७ का वडाध्यक्ष बनारसी बिन, शिक्षा सहायक प्रमुख मुकेशकुमार सिंह, भैयाराम यादवको पनि उपस्थिति थियो ।

# छठसँगै खुसी आउँछ डोम समुदायमा

■ सौर्य समाचार



धनुषा । मधेसी दलितमा सबैभन्दा पिछडिएकामध्ये पर्छन् डोम समुदाय । गरिबी र विपन्नताका कारण ज्याला मजदुरी गरेर जीविको चलाउने यस समुदायका विपन्न परिवारका लागि सधैँ आम्दानीको अवसर जुट्दैन । प्रायः हातमुख जोर्नकै समस्या भोग्न बाध्य हुन्छन् । हुन त पछिल्लो समय विश्वव्यापीकरणको प्रभाव, खुला समाज र काम गर्नेहरूका लागि अवसरका ढोकासमेत खुल्दै गएका छन्, त्यसबाट यस समुदायका व्यक्ति पनि प्रभावित छन् नै तर त्यो अवसर सबैसम्म पुग्न सकेको छैन ।

क्षीरेश्वरनाथ नगरपालिका-६ सखुवाबजार नयाँटोलका झल्कु मल्लिक भन्छन्, 'समय बदलियो, हाम्रा मौलिक कामको मूल्य छैन । गर्नेले त अरु काम गरिरहेकै छन् तर अधिकांशले हातमुख जोर्ने समस्याबाटै गज्रिनु परिरहेको छ ।'

उनी चाडपर्बका बेला भने आफूहरूको सीपले महत्व पाउने गरेको सुनाउछन् । छठ पर्व नजिकिँदै जाँदा बाँस र बेतका चोयाबाट डालो, नाङ्लो र टपरी बनाउन डोम समुदायलाई अचेल भ्याइ नभ्याइ रहेको मल्लिकको भनाइ छ । 'सधैँ के खाने, के लाउने भन्ने चिन्ता हुन्छ तर चाडबाड, त्यसमा पनि छठ हाम्रा लागि खुसी बोकेर आउँछ । चुल्हो बल्छ, बालबालिकाका सामान्य आवश्यकता पूरा गरिदिँदा मुहारमा हाँसो आउँछ, हाम्रो मनमा उल्लास,' उनले हँसिलो मुद्रामा भने ।

दीपावलीलगत्तै सुरु हुने छठ पर्वलाई लक्षित गरी धनुषाका डोम समुदाय बाँसजन्य पूजाका सामग्री बनाउन व्यस्त हुन्छन् । यसबेला पुर्खौली पेसाले काम पाउँछ, सामानले बजार । अनि खुसीको त के कुरा !

तराईवासी हिन्दू धर्मावलम्बीहरूको महान् पर्व छठ नजिकिँदै जाँदा धनुषा, महोत्तरीका डोम समुदाय बाँस र बेतका चोयाबाट भाँडाकुँडा बनाउन व्यस्त छन् । यतिबेला उनीहरूले यही सामग्री बेचेर राम्रो आम्दानी गरिरहेका छन् । धुनषा, महोत्तरीमा करिब पन्ध्र लाख जनसंख्या रहेकामा तीमध्ये करिब ७५ प्रतिशतले छठ पर्व मनाउने गरेकाले डोम समुदायले प्रत्येक छठमा बाँस र बेतका भाँडाकुँडा बेचेर राम्रो आम्दानी गर्ने जानकारहरू बताउँछन् ।

छठ मनाउने प्रत्येक परिवारले बाँस र बेतका नयाँ भाँडाकुँडाले पर्व मनाउनुपर्ने भएकाले आफूहरूले छठ पर्वका बेला यस्ता भाँडाकुँडा बनाएर राम्रो आम्दानी गर्ने गरेको जनकपुरधाम उपमहानगरपालिका–१ स्थित धर्मवान टोलका श्याम मल्लिक डोमले सुनाए ।

सोही टोलकी रीता मल्लिकले गाँस, बास र कपासकै जोरजाममा अल्झिनुपर्ने बाध्यताका बीच आउँने छठ पर्वले कात्तिक महिनाभर दुःख बिर्सेर मीठोमसिनो खाने र राम्रो लगाउने अवसरसमेत ल्याउने गरेको बताइन् । 'अरु बेला त फेरि उही समस्या हुन्छ तर एकाध महिना भए पनि कामका लागि भौतारिनुपर्दैन । काम भएपछि दाम र माम त हुने नै भयो,' उनले भनिन ।

महोत्तरीको औरही नगरपालिका-१ का ईन्दल मल्लिक डोमले कात्तिक लाग्नेबित्तिक्कै घरका बच्चादेखि बुढापाकासम्मले काम पाउने गरेको र बिहानदेखि बेलुकासम्म व्यस्त हुने गरेको सुनाए । त्यही बेचेर राम्रो आम्दानी हुने भएकाले आफूहरू निकै खुसी भएको उनको भनाइ छ ।

छठ पर्व मनाउने प्रत्येक तराईवासीले छठमाता तथा सूर्यदेवलाई बाँस र बेतबाटै बनाइएका डालो, नाङ्लो र टालु टपरीमा अर्घ दिनुपर्ने भएकाले प्रत्येक परिवारमा पाँच/सात वटा बाँसका भाँडाकुँडा किन्नुपर्छ । महोत्तरीको भंगहा नगरपालिकाका सुखारी डोम घरका बालकदेखि बुढापाकाले डालो, नाङ्लो बेचेर प्रतिव्यक्ति १० देखि २० हजार र प्रत्येक परिवारले सरदर दुई लाखसम्म आम्दानी गर्ने गरेको बताउछन् ।

मिथिला नगरपालिका-७ का ५५ वर्षीय राजबिर डोमले चाडपर्व आफूहरूका लागि पीर बिसाउने अवसरसमेत भएको बताए । सोही ठाउँकी ६० वर्षीया रुमीनी डोमिनले गाउँ, सहरमा हुने भोजभतेरमा बचेखुचेको ल्याएर सपरिवार खाने गरेका डोम समुदायका विपन्न नागरिकले छठमा आफैँ मीठामसिनो परिकार पकाएर खाने गरेको सुनाए ।

छठपर्वको आगमनसँगै डोमका घरआँगनमा पनि छठमाता र सूर्यदेवको प्रत्यक्ष उपस्थिति रहने गरेको अनुभूति हुने स्थानीय ६० वर्षीय बुधवा डोमको भनाइ छ । मिठोमसिनो खाने मात्रै होइन महोत्तरीको जलेश्वर नगरपालिकाका रामजी डोमले डालो, नाङ्लो र टालु टपरी बेचेर कात्तिकभरिमा वर्षभरि कै सबै कर्जा चुक्ता गर्ने र केही महिनासम्मको खर्च जोहो योजना रहेको सुनाए । हरेक वर्ष छठपर्व मनाउने वृद्धि हुँदै जाँदा प्रत्येक व्यक्तिलाई बाँसको भाँडाकुँडा पुऱ्याउन डोम समुदायका व्यक्ति निकै व्यस्त देखिन्छन् ।

पछिल्लो समय तराईमा मात्रै नभइ देशको राजधानी काठमाडौँसहित पोखरा, हेटौँडालगायत पहाडी क्षेत्रमा पनि छठपर्व मनाउन थालिएकाले तराईबाट बाँस र बेतबाट तयार भएका भाँडाकुँडा निर्यात हुने अवस्था पनि सिर्जना भएको छ । यसलाई व्यवस्थित गर्न स्थानीय सरकारले आश्यक सहयोग गर्नुपर्ने यसमा सङ्लग्न डोम समुदायका अगुवाहरूको भनाइ छ ।

## बर्तालु महिलालाई छठ सामग्री वितरण

जनकपुरधाम उपमहानगरपालिका -२ ले बर्तालु महिलाहरूलाई छठ पुजा समाग्री तथा वस्त्र वितरण गरेको छ । वडा २ कार्यालयमा आयोजित एक कार्यक्रमा नगर उपप्रमुख किशोरी साह तथा वडाध्यक्ष शिवकुमार साहको उपस्थितिमा व्रतालु महिलाहरूलाई छठ पर्वको सामग्री वितरण गरिएको हो ।

२०८०/०८१को वडास्तरीय योजनामा ५ लाख बजेट छुट्याएर ५ सय बढी बर्तालु महिलालाई सो सामग्री वितरण गरिएको वडा सदस्य अमित साहले जानकारी दिए । पूजा सामग्रीमा सारी, पेटीकोट, बलाउजका कपडाका साथै, अगरवती, पञ्चमेवा र तेल वितरण गरिएको उनले बताए ।

# चित्रकलामा दक्षिण एसियाकै सान बनेका गाइतोन्डे



■ एजेन्सी

नयाँदिल्ली । संसारमा कुनै यस्ता कलाकार छन्, जो जिउदो हुँदा लिजेन्ड हुन्छन् । तर, मृत्युको लामो समयसम्म रहस्यको पात्रका रूपमा रहन्छन् । भारतीय कलाकार वासुदेव एस गाइतोन्डेको जन्म १०० वर्षअघि नै भएको थियो । २ नोभेम्बर, १९२४ का दिन उनको जन्म भएको थियो । दक्षिण एसियाका पायोनियर उनको कार्यकाल यस भूगोलमा नै कलाकारितामा अग्रणी मानिन्छ । उनकै कारण भारत कलाकारितामा २०औँ शताब्दीमा माथिल्लो उचाइमा थियो ।

उनले प्रयोग गर्ने प्रविधि पश्चिमबाट प्रेरित थियो । उनको चित्रमा पूर्वेली दर्शनको छनक पाइने गरिएको थियो । रङहरूको संयोजन पनि उनी त्यसै ढंगले गर्थे । उनको कलाले ध्यान, प्रकाश र ब्रह्माण्डलाई चित्रण गरिरहेका हुन्थे । उनको कलामा देखाइने प्रकाश र छायाको संयोजन साँच्चै उत्कृष्ट थियो । सन् २००१ मा उनको निधनपछि पनि बारम्बार उनको कलाकृतिबारे चर्चा हुने गरेको थियो ।

सन् १९६१ मा उनले तेल प्रयोग गरेर बनाएको एउटा चित्र सन् २०२२ मा ४२० मिलियन भारतीय रुपैयाँमा बिक्री भएको थियो । भारतमा त्यो एउटा कीर्तिमान नै थियो । जीवनभर एकान्त मन पराउने उनी जापानी दर्शनबाट प्रभावित भएर ध्यानमा चासो राख्थे । यसै कारण उनको चित्रमा पनि त्यसको छनक पाइन्थ्यो । उनको मतमा शान्तिबाट नै सबैकुरा पाइन्छ । शान्त नै क्यानभासको एउटा रूपसमेत हो । कमै अन्तर्वार्ता दिने उनले सन् १९९१ मा प्रीतिश नान्डीसँग अन्तर्वार्ता दिएका थिए । उनको जन्म गोवामा भएको हो । तथापि उनको परिवार सामान्य जीवन बिताउँदै मुम्बईमा बसेको थियो ।

सन् १९४६ मा उनले जेजे स्कुल आर्टस्बाट प्रशिक्षण लिएका थिए । उनको परिवारको आपत्तिका बाबजुद पनि यस क्षेत्रमा लागेका उनले सन् १९४८ मा डिप्लोमा पूरा गरेका थिए । केही समय उनी प्रगतिशील कलाकार समूहमा आबद्ध पनि भएका थिए । पहिलो पटक ओस्कार अवार्ड पाउने भानु आहिलेलगायत कलाकार सो समूहमा आबद्ध थिए ।

उनी मुम्बईको प्रतिष्ठित भुलाभाइ देशाइ इन्स्टिच्युटमा पनि आबद्ध भए । सोही इन्स्टिच्युटमा सितारवादक रविशंकर र नाट्य कलाकार इब्राहिन हल्काजी लगायत थिए । त्यस समयसम्म भारतीय कला राजाहरूको धार्मिक कृतिबाट प्रभावित थियो । त्यस समयमा उनी कसैलाई खुसी बनाउन नभई आफ्नै लागि कलाको काम गर्ने गर्थे ।

सन् १९६३ मा अमेरिकी विख्यात कलाकार मोरिस ग्रेभ्स भारत आएको समयमा उनको कला देखेर प्रभावित भएका थिए । यसपछि नै ग्रेभ्सले उनको चर्चा अन्तर्राष्ट्रिय स्तरमा नै गरेका थिए । सन् १९६४ मा फेलोसिपमा अमेरिका पुगेका उनले त्यहीँबाट आफ्नो कलालाई अघि बढाउँदै थप परिस्कृतसमेत बनाएका थिए । सन् १९७१ मा उनले भारतीय नागरिकले पाउने सबैभन्दा ठुलो पुरस्कार पद्मश्री पाएका थिए । उनी लामो समय गुमनाम पनि रहेका थिए । वर्षको ७ या ८ वटा चित्रकला बनाउने उनी सन् १९८४ मा भएको स्पाइनल इन्जुरीपछि निष्क्रिय भएका थिए ।

त्यसपछि नै उनको कलाको त चर्चा भयो, तर ती व्यक्तिका बारे कमैले चासो राख्ने गरेका थिए । सबै भारतीयका माझ चर्चा हुने गरेका उनको चर्चा चित्रकलामा चासो राख्नेमा मात्र सीमित थियो । सन् २००१ मा उनको निधनपछि पनि उनको कलाको मूल्य भने प्रत्येक दिन बढिरहेकै छ । उनको कला हेरेर भावविह्वल हुँदै हेरिरहनेहरूको जमात पनि अहिले पनि त्यत्तिकै छ ।

# अन्तर्राष्ट्रिय क्षेत्रमा 'गाउँ आएको बाटो'



■ सौर्य समाचार

काठमाडौँ । नवीन सुब्बा निर्देशित चलचित्र 'गाउँ आएको बाटो'को अन्तर्राष्ट्रिय सार्वजनिक प्रदर्शन हुने भएको छ । टोरोन्टो, बुसान र हङकङ लगायत विश्व प्रतिष्ठित फिल्म फेस्टिभलहरूमा प्रदर्शन भईसकेको चलचित्र थाइल्यान्ड, इन्डोनेसिया, यूके, इटालीलगायका देशमा सर्वजनिक प्रदर्शन हुन लागेको हो । 'गाउँ आएको बाटो'लाई हङकङको गोल्डेन सिन सिनेमाले शनिबार र आइतबार सार्वजनिक प्रिमियर भयो । गोल्डेन सिन सिनेमाले पहिलोपटक नेपाली चलचित्रको वितरण अधिकार किनेर सार्वजनिक रुपमा प्रदर्शन गरेको हो ।

यसअघि यो चलचित्र हङकङको नेपाली दर्शकलाई लक्षित गरी प्रदर्शन गरिएको थियो । गोल्डेन सिन सिनेमाको हलमा १२ शोमा बाँडेर देखाईएको चलचित्रलाई झन्डै ८०० दर्शकले हेरेका थिए । प्रदर्शनमा सहभागी हुन नेपालबाट निर्देशक नवीन सुब्बासहित अभिनेत्री पशुपति राई, बालकलाकार प्रसन राई, लाइन प्रोड्युसर मिङ्सो लिम्बू हङकङ पुगेका थिए । चलचित्रलाई अंग्रेजी र चिनियाँ सबटाइटलमा हङकङका पाँच वटा हलमा प्रदर्शन गरिनेछ। गोल्डेन सिनले आफ्नो वेवसाइडमा 'गाउँ आएको बाटो'को चिनियाँ पोस्टर सार्वजनिक गर्दै २५ अक्टोबरदेखि बक्स अफिस खुला गरेको थियो । हङकङबाट प्रकाशन हुने 'साउथ चाइना मर्निङ पोस्ट'ले 'गाउँ आएको बाटो'लाई हङकङमा साताको गरिएको उत्कृष्ट कामको पाँचौ सुचीमा रोखेको छ ।

यस्तै अन्य स्थानीय सञ्चारमाध्यमहरूले पनि 'गाउँ आएको बाटो'को चर्चा गरेका छन् । हङकङमा रहेका देवराज राई कार्यकारी निर्माता रहेको चलचित्रमा दयाहाङ राई, पशुपति राई, प्रसन राई, केशव राई, प्रेम सुब्बालगायतको अभिनय छ । चलचित्रको सहनिर्माताका रुपमा हङकङबाट अरुण राई, मातृदिप राई, रामली राई, सुमन वोनेम, मायादेवी राईलगायत रहेका छन् ।

# 'सिंघम अगेन' र 'भुलभुलैया ३' १०० करोड क्लबमा

■ एजेन्सी

मुम्बई । बलिवुडका २ चर्चित फिल्म 'सिंघम अगेन' र 'भुलभुलैया ३' १०० करोड क्लबमा प्रवेश गरेका छन् । दुवै फिल्म रिलिजको तेस्रो दिनमा १०० करोड क्लबमा प्रवेश गरेका हुन् । शुक्रबारदेखि विश्वभर रिलिज भएका दुवै फिल्मले भारतीय बक्स अफिसमा पहिलो दिन शानदार कमाई गरेका थिए । ३ दिनमा अजय देवगनको फिल्म सिंघम अगेनले १२१ करोड कमाएको छ । यस फिल्मले पहिलो दिन ४३ दशमलव ५ करोड कमाएको थियो भने दोस्रो दिन ४२ दशमलव ५ र तेस्रो दिन आइतबार ३५ करोड कमाएको छ । ३५० करोडको लागतमा बनेको यो फिल्मलाई नाफा कमाउन मुश्किल हुने विश्लेषण गरिएको छ । फिल्मको पहिलो दिनको तुलनामा कमाई घट्दै गएकाले यस्तो विश्लेषण गरिएको बताइएको छ । त्यस्तै कार्तिक आर्यन स्टारर फिल्म भुलभुलैया ३ ले ३ दिनमा १०६ करोड कमाएको छ । यस फिल्मले पहिलो दिन ३५.५ करोड कमाई गरेको थियो भने दोस्रो दिन ३७ करोड र तेस्रो दिन ३३ दशमलव ५ करोड कमाएको थियो । १५० करोडको लगानीमा बनेको यो फिल्म कार्तिक आर्यनको अहिलेसम्मकै ब्लकबस्टर बन्ने देखिएको छ । सिंघम अगेन निर्देशक रोहित शेट्टीको सफल फ्रेन्चाइज हो भने भुल भुलैया ३ अनिस बज्मीले निर्देशन गरेका हुन् ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र
चाकुपाट, ललितपुर

**आशयको सूचना**

प्रकाशन मिति: २०८१ कार्तिक २०

यस गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रको मिति २०८१/०६/०२ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०१-०८१/८२ बमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही बोलपत्र देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा २७ (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ बमोजिमको कुनै निवेदन भए मिति २०८१।०७।२६ भित्र कार्यालयमा दर्ता गर्नुहुन समेत जानकारी गराइन्छ ।

| ठेक्का नं | बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम (मू.अ.कर समेत ) |
|---|---|---|
| Security Service 2081/2082-01 | केटिएम् सेक्युरिटी सर्भिसेज, प्रा.लि, ज्ञानेश्वर, काठमान्डौ | २०,३१,८६२.२७ |

निर्देशक



Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Pyuthan

**Invitation for Bids/Sealed Quotations**

**IFB No: 05/RIDOPYU/081/82** **Date of Publication: 2081-07-20 (2024-11-05)**

1. ***Road Infrastructure Development Office, Pyuthan*** invites ***electronic bids/Sealed Quotations only*** from eligible bidders for the ***Construction and maintenance of Several Roads and Major maintenance of Trail Bridge*** under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Road Infrastructure Development Office, Pyuthan, email: ridopyuthan@gmail.com*** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

***Information to deposit the cost of bidding document in Bank:***

| Name of the Bank | Name of Office | Office Code No | Rajaswa (Revenue) Shirshak No | Rajaswa (Ravenue) Account No | Office Account No |
|---|---|---|---|---|---|
| Nepal Bank Limited,Khalanga, Pyuthan | Road Infrastructure Development Office, Pyuthan | 3370155025 | 14229 | 27402000001001000001 | 05202000002003 000001 (प्रदेश लेखा धरौटी खाता) |



**Province Government**
**Ministry of Physical Infrastructure and urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**
**Simikot, Humla**

**Letter of Intent (LOI)**

**Date of Publication: 2081/07/20 (5th Nov., 2024)**

This is notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per IFB No: 01-2081/082 published on National Daily dated on 2081/05/16, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N | Contract ID | Name of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount including VAT & PS (NRs) |
|---|---|---|---|---|
| 1 | IDO/HUMLA/W/ NCB/3/2081-082 | Construction of Kharpu Dobato Dekhi Chuchejur Samma Sadak Improvement Kharpunath 5, Kharpelgaun Humla | G.P.R Group of Construction Pvt.Ltd,Tanjakot-4,Humla | 41,63,592.78 |
| 2 | IDO/HUMLA/W/ NCB/4/2081-082 | Construction of Maljhul Ghattedada dekhi Guranskaandh samma Sadak, Adanchuli, Humla | Royal Himalayan Engineering Construction Pvt.Ltd,Soru Rural Municipality-4,Magu | 12,92,875.00 |
| 3 | IDO/HUMLA/W/ NCB/5/2081-082 | (I) Construction of Tumlik Mehelkhola hudai Maja Gaun samma Sadak Bistar ebam Staronnati, (II) Constuction of Maja Gaun dekhi Nalla Kharpunath Gramin Sadak, Kharpunath, 04 Humla | Bipin-Ralling JV,Simikot,Humla | 50,27,762.46 |
| 4 | IDO/HUMLA/W/ NCB/6/2081-082 | (I) Construction of Muchu to limi vally Road, (II)Constuction of Manepeme Limi Jang Tibbet Sima (Tiljang dekhi dumuk tarfa), Namkha , Humla | G.P.R Group of Construction Pvt.Ltd,Tanjakot-4,Humla | 57,65,293.20 |

**Office Chief**

सौर्य दैनिक
आर्थिक




*विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेसँगै वस्तुको मूल्यमा सन् २०२५ मा ५ प्रतिशत र २०२६ मा थप २ प्रतिशत घट्ने विश्व बैंकको प्रक्षेपण छ*

*कञ्चनपुरको नौखरीका किसानले ' प्लास्टिक मल्चिङ' विधिको प्रयोग गरी बारीमा रोपेको खुर्सानी*



# चिलिमे–त्रिशूली प्रसारण लाइन निर्माण सम्पन्न

## चीनसँगको विद्युत् व्यापारको आधार बन्ने दाबी



■ सौर्य समाचार

काठमाडौं । त्रिशूली नदी र त्यसका सहायक खोलाहरूमा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत आयोजनाहरूबाट उत्पादित विद्युत राष्ट्रिय प्रणालीमा प्रवाह गर्न सुरु गरिएको चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएको छ । रसुवाको आमाछोदिङमो गाउँपालिका थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबेंसीस्थित त्रिशूली थ्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको हो । दसैं र तिहारको सार्वजनिक विदामासमेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटी प्रसारण लाइन निर्माण सम्पन्न गरिएको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

कार्यकारी निर्देशक घिसिङले प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युतको अगुवाइमा निर्माण भएका १ सय ११ मेगावाटका रसुवागढी र ४२ दशमलव ५ मेगावाटको साञ्जेनसहित रसुवामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत आयोजनाको विद्युत् प्रवाहका लागि प्रसारण लाइन पूर्वाधार तयार भएको उल्लेख गरे । रसुवागढी र साञ्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन् ।

कार्यकारी निर्देशक घिसिङले भने, 'भौगोलिक रुपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनु पर्ने, भीरैभीर रहेको र सडक पनि नभएकाले ढुङ्गागिट्टी, बालुवा, टावरका सामान, पानी मानिस या खच्चडबाट बोकाएर लैजानु पर्ने समस्या हुँदा हुँदै पनि निर्माण सम्पन्न हुन ठूलो उपलब्धी हो ।'

घिसिङले बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९, निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले लाइन निर्माणमा मौसमको पनि प्रतिकूल प्रभावजस्ता कारणले समस्यामा परेको आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न भएको बताए । उनले भने, 'उत्तरतर्फको छिमेकी देश चीनसँगको विद्युत् व्यापारका लागि चिलिमे-केरुङ अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्न लागिएको छ, चिलिमे-त्रिशूली प्रसारण लाइनले नै चीनलाई जोड्ने छ ।'

चिलिमे-त्रिशूली २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गतनै २२०/१३२/३३ केभीका चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन् । त्रिशूली थ्रि बी हब सबस्टेसनमा आएको विद्युत् काठमाडौंको मातातीर्थसम्मको त्रिशूली-काठमाडौं २२० केभी प्रसारण लाइन हुँदै राष्ट्रिय प्रणालीमा समाहित हुनेछ । सान्जेन र रसुवागढी जलविद्युत आयोजनाहरूबाट उत्पादित विद्युत् चिलिमे हब सबस्टेसनमा जोडी चिलिमे-त्रिशूली प्रसारण लाइन हुँद राष्ट्रिय प्रणालीमा समाहित हुनेछ ।

२८ किलोमिटर लामो प्रसारण लाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन् । प्रसारण लाइन समुद्री सतहबाट ६ सय ८० देखि २ हजार ६ सय मिटरसम्म पर्ने भूभागमा निर्माण गरिएको छ । ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नु पर्ने अवस्था रहेकोमा उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको घिसिङले जानकारी दिए ।

आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरेको प्राधिकरणको उच्च भोल्टेज ग्रीड विभागका निर्देशक थर्क बहादुर थापाले बताए । निर्देशक थापाले खच्चड र मानिसबाट निर्माण सामग्री र उपकरणहरू ढुवानी गरी ९ वटा हेलिकोप्टरबाट निर्माण सामग्री ढुवानी गरी २ वटा टावर निर्माण गरिएको उल्लेख गरे । उत्तरगया गाउँपालिका-१ तिरुबाट सोही वडाको सिरुचेतसम्म १ हजार २ सय ३५ मि. लम्बाइमा तार तानिएको छ । मैलुङखोलामाथि पर्ने उक्त खण्ड (मैलुङ क्रसिङ)मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो ।

प्रसारण लाइन अन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली थ्री बी हबसम्म ८ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ । कोरियन कम्पनीहरूको अगुवाइमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाको विद्युत जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो । माथिल्लो त्रिशूली-१ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम बेहोर्ने छ ।

अनुमानित लागत ३ अर्ब ६२ करोड ८९ लाख अमेरिकी डलर रहेको चिलिमे-त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू)को अनुदान रहेको छ । युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलितपूर्ण ऋण रहेको छ ।

प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङगाओ ग्रुप अफ कम्पनीजसँग २०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौता २०७४को पुसमा कार्यान्वयनमा आएको थियो ।

### तिहार बिदामा पनि रोकिएन आयोजना निर्माण

तनहुँ । हिन्दू धर्मावलम्बीहरूको दोस्रो ठूलो पर्व तिहारका समयमा पनि तनहुँ जलविद्युत् आयोजनाले निर्माणलाई निरन्तरता दिएको छ । ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १ सय ४० मेगावाट क्षमताको जलविद्युत् आयोजनाले निर्माणलाई तिहारमा पनि निरन्तरता दिएको हो । आयोजना निर्धारित समयमा सम्पन्न गर्ने उद्देश्यले आज पनि कामलाई निरन्तरता दिइएको आयोजना कार्यालयले जनाएको छ । दिउँसो र राति गरी दुई 'सिफ्ट'मा निर्माण कार्य भइरहेको छ ।

चरण-१ मा बाँध निर्माणका लागि जग हाल्ने कार्य धमाधम भइरहेको छ, भने चरण-२ मा मुख्य सुरुङको ' क्रङ्क्रिट लाइनिङ' र विद्युतगृहको काम भइरहेको आयोजनाका सञ्चारविज्ञ सचिन गौतमले जानकारी दिए । उनका अनुसार दुई चरणमा २ सय जना जनशक्ति परिचालन गरी काम भइरहेको छ । यसअघि दसैंमा आयोजनाको काम निरन्तर गरिएको थियो । सिफ्टमा आलोपालो मिलाएर तिहारलगत्तै काममा फर्किने गरी केही नेपाली कामदारलाई तिहार मनाउन बिदा दिइएको बताउँदै अधिकांश कामदारले भने काम गरिरहेका आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिए । 'आयोजनाको तीन चरणमध्ये अहिले दुईवटा चरणमा निरन्तर काम सञ्चालन भइरहेको छ', उनले भने, 'निर्धारित समयमा निर्माण सम्पन्न गर्न चाडपर्वमा पनि काम रोकेका छैनौं ।'

चरण-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालिले गरिरहेको छ। चरण-२ अन्तर्गत पावरहाउसतर्फको काम तीव्र रूपमा भइरहेको प्रमुख भण्डारीले बताए । उनका अनुसार सुरुङ, विद्युतगृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत काम भइरहेका छन् ।

चरण-२ को निर्माण कार्य सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कंक्रिटिङ स्वीजयार्ड निर्माण, पेनस्टक तथा विद्युत्गृहमा रहने उपकरण जडानलगायत कार्य भइरहेका छन् । आयोजनाको समग्र मूल्यांकन गर्दा हालसम्म ६२ प्रतिशत काम पूरा भएको भण्डारीले जानकारी दिए ।

पुँजी संरचना तथा वित्तीय व्यवस्थापनका लागि प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत गरी ५० करोड ५० लाख अमेरिकी डलर रहेको आयोजना कार्यालयले जनाएको छ । एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकार-नेपाल विद्युत् प्राधिकरणले ८ करोड ६० लाख डलर व्यहोर्नेगरी वित्तीय व्यवस्थापन गरिएको आयोजना प्रमुख भण्डारीले जानकारी दिए ।

### ८ वर्षपछि सञ्चालनमा आयो दम्ती सब–स्टेसन

निर्माण सुरु भएको आठ वर्षपछि प्यूठानको दम्ती सब-स्टेसन सञ्चालनमा आएको छ । २०७२ देखि निर्माण सुरु गरेर अलपत्र छाडिएको सब-स्टेसन सञ्चालनमा आएको हो । नेपाल विद्युत् प्राधिकरण प्यूठान वितरण केन्द्रद्वारा आयोजित सब-स्टेसन सञ्चालन कार्यक्रममा सोही क्षेत्रका सांसद सूर्य थापाले उद्घाटन गरे । नेपाल विद्युत् प्राधिकरण प्यूठान वितरण केन्द्र प्रमुख महेन्द्रकुमार दासका अनुसार सब-स्टेसन सञ्चालनमा आएसँगै विद्युत् वितरण र विद्युतीय जोखिमले हुने क्षति न्यूनीकरण गर्न मद्दत पुग्नेछ । सब-स्टेसनको निर्माण २०७२ असार ४ गते आरके विश्वनाथ जेभीले रु सात करोड ४२ लाख ६७ हजार दुई सय ३९ मा सब-स्टेसन निर्माणका लागि ठेक्का सम्झौता गरेर काम गरेको थियो ।

लाइन तान्नका लागि श्री त्रिपुरेश्वर जय दुर्गे जेभीले रु ५ करोड ३६ लाख ६० हजार ६ सय ८२ मा २०७४ जेठ १७ गते ठेक्का सम्झौता गरेको थियो । काम सुरु गर्ने हराउने, नियामक निकायले सक्रियता देखाउँदा काम गरेजस्तो गर्ने हुँदा ९० प्रतिशत काम सम्पन्न गरी ठेकेदार कम्पनी सम्पर्कविहीन भएको वितरण केन्द्र प्रमुख दासले बताए ।

## अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्मेलन सुरू

■ सौर्य समाचार



काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले भारतमा सुरु भएको अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) सम्मेलनमा सहभागिता जनाएका छन् । उनी भारतको राजधानी नयाँदिल्लीमा आइतबार सुरु भएको सातौं गठबन्धन सम्मेलनमा सहभागी भएका हुन् । मन्त्री खड्का उक्त सम्मेलनमा भाग लिन आइतबार नयाँदिल्ली गएका हुन् । सन् २०१५ मा फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-२१) को २१औं सत्रमा अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको घोषणा गरिएअनुसार उक्त गठबन्धनको सातौं सम्मेलनमा मन्त्री खड्का सहभागी भएको विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंहले जानकारी दिए ।

कोप-२१ सम्मेलनमा भाग लिएका करिब १२० राष्ट्रका प्रमुखले सौर्य ऊर्जाको प्रवर्द्धनका लागि क्रियाशील गठबन्धनमा आफ्नो सहभागिता हुने प्रतिबद्धता जनाएका थिए । उक्त सम्मेलनमा विश्वभर ऊर्जा पहुँच बढाउन, ऊर्जा सुरक्षा सुनिश्चित गर्न र ऊर्जा विकासलाई निर्देशित गर्ने माध्यमका रूपमा सौर्य ऊर्जा प्रविधिको बढ्दो उपयोगबारे छलफल हुने महानिर्देशक सिंहले बताए । अन्तर्राष्ट्रिय सौर्य गठबन्धनको अध्यक्ष, सह-अध्यक्ष, महानिर्देशकलगायत पदसहितको नयाँ कार्यसमिति चयन गरिनेछ ।

सम्मेलनले जलवायु परिवर्तन कम गर्न नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिमा पेस गरेको दोस्रो राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनमा सहयोग पुग्ने महानिर्देशक सिंहको भनाइ छ । सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यको लक्ष्य हासिल गर्ने नेपाल सरकारको प्रतिबद्धताअनुरुप सौर्यजस्ता स्वच्छ ऊर्जाको अधिकतम विकास एवं प्रवर्द्धनबाट स्वच्छ ऊर्जा संक्रमण कार्यान्वयनमा सहयोग पुग्नेछ ।

विद्युत्को माग र आपूर्तिबीचको सन्तुलन कायम गर्न सौर्य ऊर्जा विकासको माध्यमबाट ऊर्जा मिश्रणको सहायताले ऊर्जा सुरक्षा हासिल गर्न मद्दत पुग्ने बताइएको छ । सम्मेलनमा हरित विकास, जलवायु परिवर्तन र सौर्य ऊर्जा विकाससँग सम्बन्धित विश्वमा भएका सफल अभ्यास आदानप्रदान गरिनेछ ।

## काठमाडौं र भैरहवामा एयर एसियाको व्यावसायिक उडान

■ सौर्य समाचार




काठमाडौं । थाई एयर एसियाले काठमाडौंमा पुनः उडान सुरु गरेको छ । उसले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट आइतबारदेखि व्यावसायिक उडान सुरु गरेको हो । मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा व्यावसायिक उडान गर्ने थाई एयर एसिया चौथो हवाईसेवा कम्पनी भएको छ । यसअघि कुवेतको जजिरा एयर, नेपालबाट अन्तर्राष्ट्रिय उडान गर्ने हिमालय एयरलाइन्स र राष्ट्रिय ध्वजावाहक (नेपाल एयरलाइन्स)ले व्यावसायिक उडान सञ्चालन गरेका थिए । उक्त विमानस्थलमा यही कात्तिक २४ गते शनिबारदेखि कुवेतको जजीरा एयरले पुनः उडान सञ्चालन गर्दैछ । यसअघि १० महिना उडान गरेर स्थगित गरेको एयरलाइन्सले पुनः सोही विमानस्थलमा उडान सुरु गर्न लागेको हो । जजिराले सातामा ३ दिन मंगलबार, बिहीबार र शनिबार उडान भर्नेछ ।

यस्तै युनाइटेड अरब इमिरेटस् (युएई)को राष्ट्रिय ध्वजावाहक फ्लाई दुबईले यही कात्तिक २५ गतेदेखि दैनिक उडान गर्ने भएको छ । हप्ताको सातै दिन फ्लाई दुबईले दुबई-भैरहवा र भैरहवा-काठमाडौं-दुबई उडान गर्न लागेको हो । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक पर्ने अध्यागमन, भन्सार, सुरक्षालगायत व्यवस्थापकीय काम दुरुस्त अवस्थामा रहेको विमानस्थलले जनाएको छ ।

सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ । सोही योजनाअनुरूप अन्तर्राष्ट्रिय एयरलाइन्सले धमाधम उडान सुरु गर्न लागेका हुन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता हंशराज पाण्डेका अनुसार गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा क्रमशः अन्तर्राष्ट्रिय उडान विस्तार हुँदै गएको छ । विमानस्थललाई पूर्ण व्यावसायिक क्षमतामा सञ्चालन गर्न प्राधिकरण पनि लागिपरेको छ । सरकारको योजनाअनुरुप गौतमबुद्ध विमानस्थलमा बढीभन्दा बढी व्यावसायिक उडान सञ्चालन गर्न प्रयास जारी छ ।

राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २०७९ जेठ २ गते बुद्ध पूर्णिमाको दिन उद्घाटन गरिएको थियो । उक्त विमानस्थलमा नेपाल एयरलाइन्सको वाइडबडी ए३३० विमानले परीक्षण उडान गरेको थियो । अघिल्लो वर्ष नेपाल एयरलाइन्सले मलेसियाको क्वालालम्पुरबाट भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुरु गरेको थियो ।

उडान अनुमति नलिई यही कात्तिक ११ गते काठमाडौं आएको थाई एयर एसियाको विमानलाई नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले कारबाही गरेको थियो । भैरहवाबाट पनि उडान गर्ने सर्तमा प्राधिकरणले एयर एसियाको उडान फुकुवा गरेको थियो । उडान फुकुवा भएसँगै कम्पनीले यही कात्तिक १८ गते आइतबारदेखि काठमाडौं र भैरहवामा एकसाथ उडान सञ्चालन गरेको हो । थाई एयर एसियाले गत असोज १६ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुनः उडान सुरु गरेको गरेको थियो ।

थाई एयर एसियाले आइतबारदेखि भैरहवा र काठमाडौंमा एकसाथ उडान सञ्चालन गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिए । उनका अनुसार उक्त एयरलाइन्सले काठमाडौं गन्तव्यमा आइतबार, सोमबार, बुधबार र शुक्रबार उडान भर्नेछ । यस्तै भैरहवामा सोमबार र बिहीबार उडान भर्नेछ । प्राधिकरणका अनुसार आगामी शनिबारदेखि उक्त वायुसेवाले हरेक साता सोमबार र बिहीबार गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान भर्नेछ ।

थाई एयर एसियाले अब काठमाडौंमा ४ र भैरहवामा २ वटा उडान भर्नेछ । भैरहवाको उडान बन्द गरेमा काठमाडौंको उडान स्वतः रद्द हुने व्यवस्थासहित उडान फुकुवा गरिएको प्राधिकरणले जनाएको छ । 'एप्रुभल सेडचुल' अनुसार कम्पनीले काठमाडौं र भैरहवा सँगै उडान गर्नुपर्नेछ । प्राधिकरणले कात्तिक ११ देखि अन्तर ाष्ट्रिय उडानको 'विन्टर सेड्युल' (२७ अक्टोबर २०२४ देखि ३१ मार्च २०२५) सम्मको उडान तालिका बनाएको छ । नेपालमा ३ नेपालीसहित ३० हवाई सेवा प्रदायक कम्पनीले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१



आइतबार भएको इटालियन सिरी-एको खेलमा नेपोलीविरुद्ध गोल गर्ने क्रममा एटलान्टाका एडोमोला लोकमान

# सौर्य खेलकुद

आइतबार राति भएको खेलमा अस्टनभिल्लालाई हराएपछि खुसी मनाउँदै टोटनहाम हस्टस्पर्सका खेलाडी



# अग्रता फराकिलो बनाउँदै बार्सिलोना



■ **एजेन्सी**

म्याड्रिड । स्पेनिस ला-लिगाअन्तर्गत बार्सिलोनाले इस्पोनियललाई पराजित गरेको छ । आइतबार राति सम्पन्न खेलमा बार्सिलोनाले इस्पोनियललाई ३-१ गोल अन्तरले पराजित गरेको हो । बार्सिलोनाको जितमा डानी ओल्मोले २ गोल गरे भने राफिन्हाले १ गोल गरे । त्यस्तै इस्पोनियलका लागि जाभी पुआडोले १ गोल गरे ।

यस जितपछि बार्सिलोनाले ला-लिगामा १२ खेलबाट ३३ अंकसहित पकड बलियो बनाएको छ । उसले १ खेल कम खेलेको रियल मड्रिडलाई ९ अंकले पछि पारेको छ । त्यस्तै पराजित इस्पोनियलको १२ खेलमा १० अंक छ र लिगमा १७औं स्थानमा छ । यसअघि ला-लिगाको एल क्लासिकोमा रियल मड्रिडलाई हराएसँगै बार्सिलोनाको पकड बलियो भएको हो ।

भ्यालेन्सियामा आएको आँधीका कारण रियल म्याड्रिडको यस साताको खेल स्थगित भएको हो । स्पेनिस ला-लिगाका आइतबार राती भएका अन्य खेलमा एट्लेटिको म्याड्रिडले लास पल्मासलाइई २-०ले तथा रियल सोसिडाडले सेभियालाई पनि सोही गोल अन्तरले हराए । एथलेटिको क्लब र रियल बेटिस बिचको खेलमा १-१ गोलको बराबरी भयो ।

जर्मन बुन्सेलिगाको आइतबार राती भएको खेलमा बोरुसिया मोन्चेनग्लाडब्लाकले वेरडर ब्रेमनलाई ४-१ ले हरायो. । फ्रेइबर्ग र मेइन्ज बिचको खेलमा गोल रहित बराबरी भयो । आइतबार एटलान्टाले नेपोलीलाई ३-० ले हरायो । एटलान्टाेा जितमा एडोमोला लुकम्यानले २ गोल गरे । ३१ औ मिनेटमा समाप्तीमा उनले गरेको २ गोलको सहयोगमा एटलान्टा २-० ले अघि थियो । रेटेगुईले इन्जुरी समयमा गोल गरे ।

अन्य खेलमा इन्टरमिलानले भेनेजियालाई १-०ले हरायो भने एलास भेरोनाले रोमासँगको खेलमा २-० को सफलात पायो । फियोरेन्टिनाले टोरिनोलाई १-० ले हरायो । हारका बाबजुद नेपोली ११ खेलमा २५ अंक सहित तालिकाको शीर्ष स्थानमा छ । इन्टर मिलानको ११ खेलमा २४ तथा एटलान्टाको ११ खेलमा २२ अंक छ । चौथो स्थानमा रहेको फियोरेन्टिनाको ११ खेलमा २२ र पाँचौ स्थानमा रहेको युभेन्ट्सको ११ खेलमा २१ अंक छ ।

इंग्लिस प्रिमियर सिपको आयतबार राती भएको खेलमा म्यान्चेस्टर युनाइटेड र चेल्सीले बराबरी खेलेका छन् । आइतबार राति भएको खेलमा दुबै टोलीले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका हुन् ।

युनाइटेडको घरेलु मैदान वर्ल्ड ट्राफोर्डमा भएको खेलमा पहिलो हाफमा कुनै गोल भएको थिएन । ७० औं मिनेटमा ब्रुनो फर्नान्डिजले पेनाल्टीमार्फत गोल गर्दै युनाइटेडलाई सुरुवाती अग्रता दिलाएका थिए । ७४ औं मिनेटमा मोइसेस साइसेडोले गोल फर्काउँदै चेल्सीलाई १-१ को बराबरीमा ल्याए । बराबरीसँगै चेल्सी १० खेलबाट १८ अंकका साथ तालिकाको चौंथो स्थानमा छ भने युनाइटेड १२ अंकका साथ १३ औं स्थानमा छ ।

यस वर्षमा कमब्याकको नमुना नै बनेको टोटनहामहस्टस्पर्सले अस्टन भिल्लामाथि ४-१ को सफलता पाएको छ । टोटनहामको जितमा डोमिनिक सोलांकेले २ गोल गरे । ब्रेनान जोन्सन र जेम्स माडिसनले एक एक गोल गरे । त्यस्तै एस्टन भिल्लाका लागि एक गोल मोर्गन रोजर्सले गरे । उनले अग्रता दिलाए पनि एस्टनभिल्लाले त्यसलाई जोगाउन सकेन । टोटनहामको जितमा १६ अंकसहित लिगको सातौं स्थानमा छ । त्यस्तै एस्टन भिल्ला यो हारपछि १० खेलमा १८ अंकसहित लिगकोछैटौं स्थानमा छ ।

# पाकिस्तानविरुद्ध अस्ट्रेलियाको सानदार जित



■ **एजेन्सी**

सिड्नी । सिम बलरहरू हाबी भएको एक दिवसीय खेलमा अस्ट्रेलियाले पाकिस्तानलाई २ विकेटले हराएको छ । सोमबार मेलबर्नमा भएको दिवा-रात्रि खेलमा पाकिस्तानले छाडेको लक्ष्य ३३.३ ओभरमा ८ विकेटको क्षतिमा पूरा गरेको छ । अस्ट्रेलियाको जितमा जोस इङ्गलिसले सर्वाधीक ४९ रनको योगदान गरे । ४२ बलको सामना गरेका उनले ४ चौका र ३ छक्का प्रहार गरे । स्टेभन स्मिथले ४४ रन जोडे । उनले ४६ बलमा ६ चौका प्रहार गरे । प्याट कुमिन्स ३२ रनमा अविजित रहे । कुनै पनि ब्याट्सम्यान लमो पारी खेल्न नसके पछि नवौ क्रममा ब्याटिङ गरेको कप्तान कुमिन्सले ३१ बलमा सामना गरे । यस क्रममा उनले ४ चौका प्रहार गरे ।

अलराउन्ड प्रदर्शन गरेका उनले ९दशमलज ४ ओभरमा ३९ रन खर्चेर २ विकेट समेत लिएका थिए । टस हारेर पहिले ब्याटिङ गरेको पाकिस्तान ४६ दशमलव ४ ओभरमा सम्पूर्ण विकेट गुमाउदै २०३ रनमा सिमित भएको हो । म्यान अफ द म्याचसमेत घोषित मिचेल स्टार्कले १० ओभरमा ३३ रन खर्चेर ३ विकेट लिए । यसैगरी एडम जाम्पा महंगो सावित हुदै १० ओभरमा ६४ रन खर्चे पनि उनले पनि २ विकेट लिए ।

पाकिस्तानका कप्तान मोहम्मद रिजवानले सर्वाधिक ४४ रन जोडे । तथापि धिमा गतिमा ब्याटिङ गरेका उनले ७१ बलमो सामान गरेका थिए । यसैगरी नसिम साहले ४० रन जोडे । ३९ बलमा सामना गरेका उनले १ चौका र ४ छक्का प्रहार गरे । सहिन साह अफ्रिदीले १९ बलमा २४ रन जोडे । उनले पनि ३ चौका र १ छक्का प्रहार गरे । इफ्रान खानले २२ तथा बाबर आजमले ३७ रनको योगदान गरे ।

## विश्व

# निर्वाचन परिणाम र मध्यपूर्वको युद्धमा विश्वको चासो

...पृष्ठ १ बाट

अमेरिकामा रहेका यहुदी र अरब यहुदीको मत आफूतर्फ आकर्षित गर्नका लागि दुवै उम्मेदवार व्यस्त रहे । ट्रम्पले 'यहुदीले ह्यारिसलाई मत दिनु नै ठुलो अपराध हुने' भन्नेसम्मका अभिव्यक्ति दिए ।

युद्धको अन्त्य गर्दै तत्काल बन्दी रिहाइ गर्ने ह्यारिसको प्रतिबद्धता पनि कायम थियो । यसका बाबजुद अहिले युद्ध जारी रहेको तथा इजरायलले गाजा र लेबनानमा बारम्बार आक्रमण गरेका कारण त्यहाँ रहेका अरब अमेरिकीहरूको विरोध प्रदर्शनको सामना ह्यारिसले गर्नुपरेको थियो ।

### मुख्य भोट बैंक

अमेरिकाका कुल ५० राज्यमध्ये ४३ राज्यले प्राय: एकै उम्मेदवारलाई जिताउने गरेका छन् । यसकारण योभन्दा बढी चुनावी अभियान अन्य ७ राज्यमा छ । सर्वेक्षण गर्ने निकाय र सञ्चारमाध्यम पनि यी ७ राज्यमै व्यस्त रहे । यी ७ राज्यका आधारमा हर्ने हो भने ह्यारिसको मूल पकड अश्वेत महिलामा रहेको छ । अन्य महिलामा पनि नभएको होइन, परन्तु अश्वेत अमेरिकी महिला ह्यारिसको 'डाइङ हर्ट' फ्यान नै रहे । शिक्षित युवाहरू ह्यारिसको पक्षमा धेरै रहे । उनीहरू अहिले भइरहेको धेरै कुरामा परिवर्तन चाहन्छन् ।

अर्धशिक्षित युवा, ग्रामीण भेगका मतदाता र गोरा पुरुषहरू ट्रम्पको पक्षमा रहे । खासमा समानताका कुरा गर्नेहरू ह्यारिसको पक्षमा धेरै रहे भने अमेरिकीहरू विशेष हुन् भन्ने सोच हुनेहरू ट्रम्पको पक्षमा धेरै रहे । अन्तिम समयसम्म मिचिगन, पेनेसेल्भिनिया र विन्सकिन्सनमा धेरै उम्मेदवारको लगाव रहेको थियो । यो लगाव नर्थ क्यारोलिनामा पनि थियो । यसकारण तिनै राज्यको मत नै निर्णायक हुन सक्छ ।

### निर्वाचन अभियानमा सेलिब्रिटी

ह्यारिसको सारथि बनेर सुरुमै जो बाइडेन अघि बढे । निर्वाचन अभियानमा हिलारी क्लिन्टन पनि उपस्थित भइन् । उनले डेमोक्र्याटको सम्मेलनमा २०१६ को निर्वाचनको स्मरण गर्दै आफू असफल भए पनि अमेरिकी नागरिकले नयाँ इतिहास कोर्ने विश्वास रहेको बताएकी थिइन् । मिचेल ओबामा र बाराक ओबामा पनि चुनावी अभियानमा होमिए ।

अमेरिकाकी पहिलो अश्वेत महिला बिलेनियर ओफ्राह विन्फ्रे पनि ह्यारिसको अभियानमा जोडतोडले लागिन् । यसअघि विविध क्षेत्रमा अश्वेत अमेरिकी महिलाले पाएको सफलतालाई आधार मान्दै प्रथम अमेरिकी महिला मिचेल ओबामाले भनेकी थिइन्, 'सफलताको उचाइ चढ्ने पहिलो आधार भनेको हामीले देख्ने सपनाको उचाइ हो । दोस्रो आधार भनेको यसलाई पूरा गर्नका लागि आवश्यक दृढ इच्छा शक्ति र मिहिनेत मात्र हो ।' ओबामाले ह्यारिसको पक्षमा वकालत गर्दै सो कुरा भनेकी थिइन् । उनको अभियानमा खेलकुदका सुपरिचित नाम पनि रहे । एनबिएका सुपर स्टार सेब्रियन जेम्सले त कमला ह्यारिसको विकल्प नै नभएको कुरा बताइसकेका छन् । कलाकारहरू स्कारलेट जोन्सन, रोबर्ट डाउनी जुनियर, क्रिस इभान्स, मार्क रुफालो, डन चिडल, डानाइ गुयरा र पाउल बेटानी पनि ह्यारिसको पक्षमा खुलेर लागे । गायिका म्याडोनाले पनि ह्यारिसलाई नै साथ दिइन् । गायिका तथा कालाकार जेनिफर लोपेज पनि ह्यारिसको पक्षमा खुलेर लागेकी छिन् । उनले आफू जन्मिएको स्थान प्युरेटिरिकोको सवालमा ट्रम्प अभियानमा व्यक्त गरिएको टिप्पणी आपत्तिजनक भएको बताउँदै सबै ल्याटिनो अमेरिकीलाई ह्यारिसको पक्षमा मतदान गर्नसमेत अपिल गरिन् । कुनै समय चर्चामा आएकी मोनिका लेवेनेस्की पनि ह्यारिसको पक्षमा उभिएकी थिइन् । कलाकार ह्यारिसन फोर्ड पनि ह्यारिसको पक्षमा खुलेर लागेका छन् । र्‍याप गायक कार्डी बीले जो बाइडेनको प्रशासन चित्त नबुझ्दो हुनुका बाबजुद अहिले अमेरिकामा डेमोक्र्याट पार्टीको विकल्प नभएको समेत बताए । गायक निक्की जाम सुरुआतमा ट्रम्पको पक्षमा उपस्थित थिए । ट्रम्पकै कार्यक्रममा उनीमाथि दुर्व्यवहार भएको भन्दै एकाएक कित्ता परिवर्तन गरेका छन् । उनी पनि अन्तिम समयमा ह्यारिसको चुनावी अभियानमा सरिक भए । सुरुआतमा उनले ट्रम्पको आर्थिक योजनाले ल्याटिनोलाई लाभ हुने ठहर गरे पनि प्युरेटिरिकाको बारे गरिएको टिप्पणीका कारण कित्ता परिवर्तन गर्न बाध्य भएका हुन् ।

बडी बिल्डर तथा क्यालिफोर्नियाका पूर्व रिपब्लिक गभर्नर आर्नोल्ड स्वायरजेरनर ह्यारिसको पक्षमा रहे । तथापि उनको त्यति सारो आकर्षण भने छैन । अहिले उनी राजनीतिलाई घृणा गर्न थालेका छन् । तथापि उनको मतमा ट्रम्पभन्दा ह्यारिस उपयुक्त भने हुन् । संगीतकार डना उमर पनि ह्यारिसको पक्षमा उभिए ।

त्यसो त ट्रम्पको पक्षमा पनि एकसे एक सेलिब्रिटी नलागेका होइनन् । चन्द्रमामा पाइला टेक्ने दोस्रो अन्तरिक्ष यात्री आड्रियन बल्ज ट्रम्पको पक्षमा उभिए । ट्रम्पको अन्तरिक्ष नीतिले उनी प्रभावित भएका हुन् । पूर्व एनएफएल स्टार ब्रेट फार्भ पनि विन्सकन्सिनमा भएको कार्यक्रममा उपस्थित हुँदै आफू ट्रम्पको पक्षमा रहेको घोषणा गरे । बिलेनियर तथा टेस्लाका मालिक एलन मस्क ट्रम्पको पक्षमा खुलेरै लागेपछि यसले निर्वाचन अभियान नै तरंगित बनाएको थियो ।

### सर्वेक्षण

धेरै सर्वेक्षणले ह्यारिसलाई १ प्रतिशतले अघि देखाएका छन् । कुल मतमा ह्यारिसको पक्षमा ४८ प्रतिशत तथा ट्रम्पको पक्षमा ४७ प्रतिशत देखिए पनि अमेरिकामा हुने निर्वाचनको परिणाम इलेक्टोरल मतका आधारमा हुने भएका कारण यो परिणाम अन्तिम भने होइन । धेरै पटक कुल मत बढी पाएर पनि इलेक्टोरल मतका कारण परिणाम गुमाउने सम्भावना बढी छ । अन्तिम पटक सन् २०१६ मा हिलारी क्लिन्टनले पनि सोही नियति भोगेकी थिइन् ।

# क्यानडाको मन्दिर तोडफोड भएपछि भारतमा प्रदर्शन

■ **एजेन्सी**



ओटावा । क्यानडामा एउटा हिन्दु मन्दिरमा आक्रमण र तोडफोड भएको छ । त्यसको विरोधमा उत्तरी अमेरिकाका हिन्दुहरूको गठबन्धन (सीओएचएनए)ले आन्दोलन गर्ने भएको छ । क्यानडाको ब्याम्पटनस्थित हिन्दु सभा मन्दिरमा खालिस्तानी समूहका सदस्यले आक्रमण गरेको बताइएको छ । त्यसको विरोधमा हिन्दुहरूले शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने भएका हुन् । समाचार अनुसार यो विरोध प्रदर्शन मन्दिर र नजिकैको लक्ष्मी नारायण मन्दिरमा खालिस्तानी धम्की तथा हिन्दू विरोधी धारणाविरुद्ध एकता देखाउन गर्न लागिएको हो ।

यसलाई लिएर संगठनले एक्समा एक पोस्ट सार्वजनिक गरेको छ। जसमा ४ नोभेम्बर साँज ६ बजे हिन्दू सभा मन्दिर, ब्याम्पटन र लक्ष्मी नारायण मन्दिर क्षेत्रमा शान्तिपूर्ण विरोध प्रदर्शनका लागि जोडिन भनिएको छ । क्यानडामा हिन्दु मन्दिरमा हिंसाको एक दिनपछि आएको खालिस्तानी धम्की र हिन्दु विरोधी धारणाबारे एकजुट हुन पनि भनिएको छ ।

यसअघि संगठनले आक्रमणको एक भिडियो पनि सार्वजनिक गरेको थियो । जसमा हिन्दू क्यानेडियन फाउन्डेशनले खालिस्तानी आतंकवादीले बालबालिका र महिलामाथि आक्रमण गरेको आरोप लगाइएको थियो । उता क्यानडामा भारतीय उच्चायोगले यस हमलालाई 'भारत विरोधी' तत्वकोतर्फबाट गराइएको हिंश्रक व्यवधान भनेको थियो । उच्च आयोगले भारतीय नागरिकको सुरक्षाबारे पनि चिन्ता जनाएको थियो ।

भारतीय दूतावासको वक्तव्यमा स्थानीय सह-आयोजकको पूर्ण सहयोगमा वाणिज्य दूतावासको तर्फबाट आयोजित नियमित परामर्श कार्यमा यस प्रकारका व्यवधानबारे त्यहाँको सरकारले आँखा चिम्लिनुलाई आपत्ति र निराशाजनक भनिएको थियो । दूतावासले आफूहरू भारतीय नागरिकसहित अन्यको सुरक्षामा चिन्तित रहेको बताइएको थियो । उता भारतीय विदेश मन्त्रालयले सोमवार को ब्याम्पटनमा हिन्दु सभा मन्दिरमा चरमपन्थी र अलगाववादीले गरिएको हिंसाको निन्दा गरेको थियो । विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले क्यानडा सरकारसँग हिंसामा सहभागीलाई कारबाही गर्न भनेका थिए ।

यस आक्रमणको क्यानडामा पनि विरोध भइरहेको छ । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रूडोले पनि यस घटनाको निन्दा गरेका छन् । क्यानडाका विपक्षी नेता पियरे पोलीभरले यस घटनालाई कुनै हालतमा स्वीकार्न नसकिने बताए ।

प्रधानमन्त्री ट्रूडोले एक्समा एक पोस्ट लेख्दै ब्याम्पटनमा हिन्दु सभामाथि भएको हिंसा अस्वीकार्य रहेको बताएका छन् । उनले क्यानडामा आफ्नो धर्मको स्वतन्त्र र सुरक्षित पालना गर्ने अधिकार सबैलाई रहेको बताएका छन् ।

# भ्यालेन्सिया भ्रमणमा गएका राजाको विरोध

■ **एजेन्सी**

म्याड्रिड । स्पेनको भ्यालेन्सियामा आएको भीषण बाढीबाट मृत्यु हुनेको संख्या २०० नाघिसकेको छ । अहिले बाढीग्रस्त क्षेत्रमा जनस्तरबाट पनि राहत र उद्धार अभियान चलिरहेको छ । बाढीग्रस्त क्षेत्रको भ्रमणका क्रममा स्पेनका राजा फिलिप र रानी लेटिजियाको त्यहाँका जनताले विरोध गरेका छन् । जनताले राजा फिलिपलाई हिलोले हानेका थिए ।

जनताको विरोधपछि राजा फिलिप र रानी लेटिजियाले आफ्ना सबै भ्रमण स्थगित गरेका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार भ्यालेन्सियाको भ्रमणपछि राजा फिलिप र रानी लेटिजिया पश्चिममा रहेको चिभाको भ्रमण गर्ने कार्यक्रम थियो । यसअघि भ्यालेन्सियामा भएको प्रदर्शनपछि प्रहरीले चिभाको भ्रमणका क्रममा सडक अवरुद्ध गरेको थियो ।

भ्यालेन्सियामा राजा फिलिपविरुद्ध जनताको विरोधपछि स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजलाई पनि भ्यालेन्सियाको पिपोर्टाबाट सकुशल निकालिएको थियो । स्पेनिस च्यानल ला सेक्स्टाका अनुसार नागरिकहरूले प्रधानमन्त्रीलाई 'विरोध र आक्रमण' गरेका थिए । केहीले उनलाई माटो र अन्य वस्तुहरूले हानेका थिए । यसैबीच मौसम पूर्वानुमान महाशाखाले त्यस क्षेत्रमा फेरि ठूलो वर्षा हुने चेतावनी जारी गरेको छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी